गायत्री मन्त्रको अर्थ

ॐ

लेखक

योगेश्वर मुनिश्वर शिवकुमार शास्त्री

अनु.मु. दयाराम 'उपरति'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गायत्री मन्त्रको अर्थ

रमन्ते.योगिनोऽस्मिन्निति रामः।

लेखक
योगेश्वर मुनिश्वर शिवकुमार शास्त्री
अनु.मु. दयाराम 'उपरति'

प्रकाशक
के.पी. पुस्तक भण्डार
डिल्लीबजार, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक	: के.पी. पुस्तक भण्डार डिल्लीबजार, काठमाडौं फोन : ४४३३७३८
प्रकाशन मिति	: प्रथम संस्करण २०६३ साल
सर्वाधिकार	: अनुवादकमा निहित
प्रकाशन संख्या	: ५००० प्रति
मूल्य	: रु. २५/-
आवरण डिजाइन	: इमेज डिजाइन
कम्प्युटर लेआउट	: महेन्द्र तण्डुकार फोन : ४४६१४३३
मुद्रण	:

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुवादकको भनाइ

आर्य संस्कृतिमा सबैभन्दा पुरानो ग्रन्थमा ऋग्वेद नै मानिएको छ । त्यसपछि यजुर्वेद, सामवेद अनि अथर्ववेद नै हुन । वेदमा उल्लिखित गायत्री मन्त्रको जुन महिमा छ त्यो मानव मात्रले बुज्न अति आवश्यक विषय हो भन्ने कुरामा दुइमत नहोला ।

गायत्री मन्त्र ले केभन्दछ भावार्थ के हो भन्ने विषय उत्सुकता हुनु स्वभाविक पनि हो । यही सिलसिलामा विभिन्न वैदिक विद्वानहरूको सत सँग भैनैरहने गरेको थियो तर आत्म सन्तुष्टि भने भएको थिएन । स्थूल, सुक्ष्म, जीव आत्माको बारे जान्ने बुज्ने जिज्ञासा र कौतुहल यो सानो पुस्तिकाले मेटायो ।

अखिल भारतीय सर्वसिरोमणि मुनिसमाजका संस्थापक प्राप्तस्मरणीय योगेश्वर मुनिश्वरा श्री शिव कुमार शास्त्रीद्वारा भाष्य गरिएको गायत्री मन्त्रको अर्थ भन्ने पुस्तक हिन्दी भाषामा लेखिएको रहेछ । अक्षर पनि मेटिन लागेको जिर्ण पुस्तक पाए, पढे, अनि आनन्द लाग्यो । पुस्तकको बीच भागतिर एउटा निर्देशन पनि पाए, त्यो हो प्रचारक चाहिन्छ, प्रकाशक चाहिन्छ अनुवादक चाहिन्छ भन्ने । त्यही निर्देशनलाई सिरोधार्य गरी नेपालीमा उल्था गर्ने आँट गरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गायत्रीको अर्थ के हो ? यसको महत्त्व के हो भन्ने बारेमा सायदै नेपाली भाषामा लेखिएको पुस्तक पाइएको थिएन। कतै पाए पनि चित्त बुज्ने अर्थ पाइन्न । तर यो पुस्तकले आत्मा सन्तुष्टि भयो। म आफु अष्टाङ्ग योगको पनि जिज्ञासु भएको हुँदा यो पुस्तक आज रुचिपूर्ण हुन पुग्यो । मुनिश्वर गुरु कै संस्थाबाट योग शिक्षक मुनि बाबा भोलेबाट प्राविधिक शिक्षा लिएको थियो गोरखपुरबाट । उप्रेती वंशावलीको खोजक्रममा काठमाडौं डिल्लीबजार कालिकास्थान निवासि स्व. डा. त्रैलोक्य नाथ उप्रेतीको संगत गर्ने अवसर ०६०/६१मा मिलेको थियो । उहाँबाट सरल योग दर्शन लेख्नलाई अह्राउनु भएको थियो साथै गायत्रीको पनि चर्चा गर्नु भएको थियो। अष्टाङ्ग योग दर्शन लेखिसकियो प्रकाशन्मुख छ। यही सामयमा थोरै समय पाएको हुँदा यो हिन्दी भाषाको गायत्री मन्त्र नामक पुस्तक अनुवाद गरिएको छ । उप्रेती वंशावलीमा अनावश्यक समय कुर्नुपरेकोछ, प्रेसमा पुगेको पनि निकै समय भयो तर आर्थिक कारण ढिलो भएको र पर्खि बस्नु परेको समयमा यो अनुवाद गरिएको छ।

गायत्रीको यथार्थ अर्थ यो पुस्तकले दिएको हुँदा र नेपालीमा साधारण लेखपढ भएका व्यक्तिले पनि बुजने कुरा निर्विवाद छ । संस्कृत विद्याका विद्वान वर्गलें पनि यसको विवेचना गरी सन्तुष्टि पाउन सक्ने आसा गरिएको छ। हिन्दू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मका अनुयायी सबैले गायत्रीको स्मरण गर्दछन्, तर जुन भ्रम जन्य अर्थ र साम्प्रदायक पक्षपातले गर्दा यथार्थमा पुग्न अप्ठेरो छ त्यसको निराकरण पक्कै यो पुस्तकले गर्छ भन्ने विश्वास राखि यसलाई प्रकाशनमा ल्याएको हो । पाठकवर्गले नै यसको मर्म बुजनु हुनेछ । प्रकाशन गर्ने जिम्म के.पी. प्रकाशनले लिई मलाई हौसला समेत दिनु भएको मा मुरिमुरि धन्यवाद दिन चाहान्छु ।

यो गायत्री मन्त्रको अर्थ नेपालीमा अनुवाद गरी स्व. पिता भिमप्रसाद उप्रेती र स्व. डा त्रैलोक्य नाथ उप्रेतीद्वयमा श्रद्धान्जलिका शब्द सुमन राख्दै उनै महान व्यक्ति आत्मा लोक निवासि मुनिश्वर शिवकुमार शास्त्री ज्यूमा समर्पण गर्दछु ।

यसमा "झ" नामको अक्षरलाई (म अनुवादकले) उल्लेख गरेको छैन "झ" को स्थानमा जलाई राखिएको छ किनभने यो 'झ' अक्षरबाट ज्यादै झन्झट, झमेला, 'ज'माथि थीपरेको हुन्छ । यो गायत्री मन्त्र लेखिएको समयमा यो थिएन । यो पौराणिक कालमा सम्प्रदायकहरूले जन्म दिएका हुन् । संसारमा यसले जवानीमा, जमिनमा, जङ्गलमा, जननिमा, जलमा हुँदै सारा जीवनमै 'कु' गरेको पाईन्छ । त्यसकारण यसलाई उल्लेख नगरेको हुँ । चण्डीभन्दा अगाडिका ग्रन्थमा यो थिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

	अध्याय	विषय	पृष्ठ
१.	अध्याय १	गायेत्री मन्त्रको अर्थ	१
२.	अध्याय १	सवितादेव	५
३.	अध्याय १	उत्पन्न गर्ने वाला शक्तिको परिचय	८
४.	अध्याय १	सृष्टिकर्ता सविता देव	१३
५.	अध्याय १	प्रचारक को काम	१७
६.	अध्याय २	यजुर्बेद को गायत्री	१९
७.	अध्याय २	भावार्थ	२०
८.	अध्याय २	गायत्री मन्त्रको दुस्रो अर्थ	३०
९.	अध्याय ३	गायत्री को हिन्दी भाष्य	३३
१०.	अध्याय ३	सवितु	३३
११.	अध्याय ३	वरेण्याम्	४०
१२.	अध्याय ४	बुद्धिका प्रेरक को हुन् ?	४६
१३.	अध्याय ४	आर्यसमाजलाई चैलेन्ज	५९
१४.	अध्याय ५	बेदमन्त्रका रचीयता	६४
१५.	अध्याय ६	प्रणवको महिमा	७८
१६.	अध्याय ६	प्रणवद्वार प्राणायाम	८२
१७.	अध्याय ६	महामन्त्रको उच्चारण विधि	८४
१८.	अध्याय ६	योगको अष्टाङ्गको पालना	८४
१९.	अध्याय ६	प्रणवको महत्त्व	८६
२०.	अध्याय ६	मन्त्रको भावार्थ	९०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अध्याय १

गायत्री मन्त्रको अर्थ

संस्कृत भाषाका बिद्वान र आर्य्य संस्कृतिवालाहरूमा वेदको ठूलो प्रतिष्ठा छ । मानिसमा यस्तो बिचार छ, संसारमा प्राचिन ग्रन्थ मध्य सबैभन्दा पहिलो ग्रन्थ वेदलाई मान्ने गरियो । वेदमा गायत्री मन्त्रको ठूलो प्रतिष्ठा छ । मानिस भन्दछन गायत्री नै वेदको (ज्ञानको) चाभि हो । जैलेबाट मैले यो सिद्ध गर्न सुरु गरे कि वेदमा पनि उही सिद्धान्त छ – जसलाई मुनिसमाज मान्दछ, अनि अनेक मन्त्रको अर्थ टीका र भाष्य गरेर सिद्ध गरिदियो । त्यसैबेलादेखि मानिसले चाहिरहेको थियो । समयसमयमा भन्ने गर्दथ्ये गायत्री मन्त्रको अर्थ पनि तपाईंले गरिदिनु भयो भने धेरै राम्रो हुने थियो । मुनि समाजका विरोधी पनि भन्ने गर्थे किनकि उनका बिचार शायद गायत्री मन्त्र मुनि समाजको बिरुद्ध होस् । आर्य्यसमाजी भन्ने गर्थे परमात्मा अग्निऋषि, वायुऋषि आदित्यऋषि –

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अङ्गिराऋषिको आत्माले वेदको प्रकाश गरेका थिए । भन्दथ्ये पहिले यिनै ऋषिमुनिले ब्रम्हाजीलाई पनि वेदको ज्ञान ऋषि–मुनिबाट भएको थियो । अब सोच्नुपर्ने कुरा यो छ कि आर्य्यसमाजीहरूको यो सिद्धान्तले प्रकट गर्दथे । ऋषि मुनिको समूहलाई मुनिसमाज भनिन्छ । मुनि समाजको सिद्धान्त वेदभन्दा धेरै पुरानो हो । वेदमा जे छ त्यही मुनि समाजको सिद्धान्त हो । गायत्री मन्त्रलाई वेदको मुख्य मन्त्र मान्दछन्, त्यही कुरा हुनुपर्ने थियो जुन कुरा मुनि समाज मानेर आएको छ । आर्य्यमा पनि जो ठूला बिचारशील, ज्ञानी, योगी हुन्थ्ये उनीहरूलाई मुनि भनिन्थ्यो । मुनि समाजको सिद्धान्त सर्वदा परम्परादेखि नै सत्य स्वतन्त्र अनि निष्पक्ष थियो ।

सही कुरालाई बिचार गरेर मुनिहरू मुनिराज अनि आर्य्यलाई अनुरोध थियो कि म गायत्री मन्त्रको अर्थ खुब बिस्तारसँग लेख्छु । एक दिन न एक दिन गायत्री मन्त्रको अर्थ गर्नु थियो । शुभस्य शीघ्रम । अतः म आजै गायत्री मन्त्रको अर्थ बिस्तारपूर्वक लेखनलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तयार भए। जुन गायत्री मन्त्र ऋग वेद, सामवेद, यजुर्वेद तिनैमा छ । ऋग्वेदको तेस्रो मण्डलको ६२ सूक्तमा जो गायत्री मन्त्र छ त्यो निम्न प्रकारले छ :

तत्सवितुर्वरेण्यं भर्गोदेवस्य धीमहि । धियो यो नः प्रचोदयात । *ऋ. मण्डल ३ सूक्त ६२ मन्त्र १०*

ठीह यही प्रकार यो मन्त्र सामवेदको प्रपाठक ६ अध्याय १३ खण्ड ४ सूक्त १० मा पनि छ। यजुर्वेदमा जो गायत्री मन्त्र छ त्यो अलिकति फरक छ त्यो पछि लेखिने छ।

मन्त्रको पदच्छेद

तत् । सवितुः । वरेण्याम् । भर्गः । देवस्य । धीमहि । धियः । यः । नः । प्रचोदयात् । यस प्रकारले ऋग्वेद र सामवेदको गायत्री मन्त्रमा १० पद या शब्द छ। यदि यसको अन्वय गरियो भने यो पद वा शब्द निम्नलिखित रूपमा राख्न सकिन्छ र राखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्वय

तत् । सवितुः । देवस्य । वरेण्यम् । भर्गः । धीमहि । यः । नः धियः । प्रचोदयात् ।

सवितु = सविता ।

देवस्य = देवको ।

तत् = उस ।

वरेण्यम = वरण गर्न योग्य, या–चुनने योग्य श्रेष्ठ

भर्ग = तेजलाई (तेजको)

धीमहि = ध्यान गर्दछु या धारण गरु

यः = जो

नः = हामीहरूको

धियः = बुद्धि या बिचारलाई

प्रचोदयात् = प्रेरित गर्दछ ।

मन्त्रार्थ

सबितादेवको वरणयोग्य, श्रेष्ठ या उत्तम तेजलाई धारण गरू, .जो हामीहरूको बुद्धि या विचारलाई प्रेरित गर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसप्रकारले गायत्री मन्त्रको पदच्छेद, अन्वय अनि अर्थ जानेपछि हाम्रा पाठक र मुनिहरूलाई यो कुरो जान्न इच्छा हुन्छ कि 'सवितादेव' को हो ? जसको श्रेष्ठ तेजलाई धारण गर्नको लागि भनिएको छ अनि जो हामीहरूको बुद्धि या बिचारलाई प्रेरित गर्ने वाला छ ।

सवितादेव

संस्कृतमा एउटा धातु छ षूङ् यो अदादि र दिवदि दुवै गणमा पाइन्छ । यही षूङ् = प्राणि गर्भ विमोचने या प्राणिप्रसवे (TO BRING FOR Forth as a CHILD) धातुबाट सविता शब्द बनेको छ । यसलाई व्याकरण विद पडितले सजिलै सम्जिन्छन् । 'षूङ्' को ङ व्याकरणको नियमअनुसार निकालेपछि केवल 'षू' रहन्छ । सर्वमान्य पाणिनि मुनिजीको अष्टाध्यायीको सुत्र छ 'हलन्त्याम्' । १/३/३ को सुत्र अनुसार "षूङ् को ङ कार को इत् संज्ञा भो अनि 'तस्यलोप' १/३/९ यो सुत्रले इत्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संज्ञ: वालाङको लोप भयो अनि मात्र 'षू' रह्यो । कर्तामा जब कुनै प्रकारको स्वभाव यो धर्मको प्रकाश गर्नु हो भने, उसको अगाडि तृन् ३/२/१३५ प्रत्याय लाग्दछ । अत: यस्तो स्थितिमा 'षू' को अगाडि 'तृन्' प्रत्याय आयो । पूर्वोक्त प्रकारले 'तृन्' को 'न्' पनि लोप भयो (हरायो) त 'षू + तृ' यस्तो भयो । "अर्ध धातुकंशेप" ३/४/११४ यो सुत्रले 'तृ' प्रत्यायको आर्धधातुक संज्ञा भयो । अत: "आर्धधातुकस्येड्वलादे" ७/२/३५ यो सुत्रले 'तृ' प्रत्यायको पहिले 'इट' आयो 'इट्' को ट् पनि लोप भयो अनि मात्र इ बच्यो तब 'षू + इ + तृ' यस्तो रूप भयो । अब पाणिनी मुनिको एक सुत्र छ "धात्वादे' ष: स:" । ६/१/६५ यसले धातुको षकार सकार भयो । अत: अब यसको रूप भयो । "सू + इ + तृ" । यस्तो भएपछि "सार्वधातुकार्धधातुकयो" ।७/३/८४ एस सुत्रले "सू" मा जो उकार छ उस्तो गुण भएपछि उ को स्थानमा "ओ" भयो अनि सु + इ + 'तृ' यस्तो भएपछि "एचोऽयवायाव:" ६/१/७८/ यो सुत्रले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"ओ" को अब्' भयो भने अब "सू+अब+इ+तृ" यस्तो भयो र सबैलाई मिलाउँदा 'सवितृ' यस्तो रूप वन्यो। अब यो 'सावितृ' शब्दको रूप प्रथमा एक बचनमा "सविता" अनि षष्टि (सम्बन्धकारक) मा "सवितु" रूप हुन्छ। जसको अर्थ भयो "सविताको। मतलव यो हो कि यो सविता शब्द 'षूङ् = प्राणि गर्भ विमोचने या प्राणि प्रसवे (To bring forth as a child) धातुबाट बनेको छ। अत: 'सविता' उसलाई भनिन्छ जो 'गर्भधारण गरेर वा 'गर्भधारण' गराएर प्राणिलाई उत्पन्न गर्ने बाला हो। कृदन्तको यो 'तृ' प्रत्याय "आक्वेस्तच्छीलतद्धर्मतत्साकारिषु" ३/२/१३४।

यो सुत्रअनुसार तृन प्रत्याय उही लाग्छ जहाँ कर्ताको स्वभाव र धर्मको प्रकाश गर्दछ यो कुरालाई मैले माथि नै भनिसकेको छु। तपाईं देखिरहनु भएको छ यो सविता शब्द पनि 'सू' धातुको अगाडि 'तृ' प्रत्यायलाई लगाये पछि नै बनेको छ। अत: सविता शब्दको उही अर्थ हुन्छ जो माथि भनियेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"षूङ् = प्राणिप्रसवे" धातुबाट सविता शव्द बन्यो भने थोरैमा "सविता" को अर्थ भयो प्राणीलाई उत्पन्न गर्ने वाला । अब बिचार गर्ने विषय यो हो कि प्राणीलाई उत्पन्न गर्ने वाला प्राणी मात्रै हुन सक्दछ कि ईश्वर पनि हुन सक्दछ ? प्राणीलाई उत्पन्न गर्ने (जन्मदिने) वाला प्राणी मात्र हुन सक्छ, ईश्वर होइन ।

उत्पन्न गर्ने वाला शक्तिको परिचय

जब गहुँबाट गहुँ, चनाबाट चना, धानबाट धान, आँपबाट आँप तित्री बाट तित्री हुन्छ भने प्राणीबाट प्राणी हुन्छ, ईश्वरबाट ईश्वर हुन्छ प्राणी हुनै सक्दैन । प्राणी को हो ? प्राणी त्यो हो जसले प्राणलाई धारण गर्ने वाला हो । प्राणलाई धारण गर्ने वाला या त जीव हो या त आत्मा ईश्वर होइन । ईश्वर सर्वब्यापक भएको हुँदा मृत शरीरमा पनि छ । तर ईश्वर हुँदा हुँदै पनि मुर्दाले प्राण धारण गर्न सक्दैन । अतः प्राण धारण गर्ने वस्तु आत्मा हो । यस कारण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो आत्मा नै प्राणी हो । बिना आत्माको शरीर मुर्दा हो, मृतक हो प्राणी होइन ।

मुर्दाको रोम–रोम अंग–अंग, कण कणमा साम्प्रदायी (मजहवी) ईश्वर छ तर उसमा प्राण छैन । किनकि प्राणलाई धारण गर्ने बाला वस्तु आत्मा नै हो, कहिल्यै पनि ईश्वर होइन । आत्मा कै लक्ष गरेर वैशेषिक दर्शनशास्त्रमा भनिएको छ ।

प्राणऽपाननिमेषोन्मेषजीवन्मनो
गतीन्द्रियान्तर्विकाराः ।
सुखदु:खेच्छाद्वे षप्रयत्नाश्चात्मनोलिगानि ॥ वै. ॥
अ. ३/आ. २/सू ४/

यो सूत्रबाट पनि एहि सिद्ध हुन्छ प्राण बाला वस्तु आत्मा हो । यही प्राण वाला आत्मा दुस्रो शरीर धारी प्राणीहरूको उत्पन्न गर्दछ । मुर्दाले कसैलाई उत्पन्न गर्न सक्दैन । सर्वब्यापक भएको हुँदा मुर्दामा ईश्वर विद्यमान छ ।

तर एउटा जीव आत्मा नभएको कारणले साम्प्रदायी (मजहवी) ईश्वर कसैलाई पनि उत्पन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(जन्मदिन) गर्न सक्दैन । जस्तो मुर्दा शरीर गर्भ धारण गर्न सक्दैन, उसै किसिमले मरेको गहुँ, चाना, धान, पनि उत्पन्न (उम्रिन) सक्दैन, हुँदैन । मुर्दा त्यो हो जसमा जीव (जीवन) हुँदैन । जसमा जीव छैन त्यसले कुनै पनि प्राणीलाई उत्पन्न गर्न (जन्मदिन) सक्दैन । एकाध पुरुषमा पनि सन्तान भएन भने त्यो ठिक हो, तर कुनै पनि मुर्दाद्वारा स्त्री गर्भवती हुन सकेको आजसम्म सुन्नमा आएको छैन । मुर्दाको छोरा, छोरी हुनु नितान्त असत्य अनि असम्भव हो । यदि सन्तान हुन्छ भने जिउदो मानिससँग मात्र हुन्छ, मुर्दाबाट हुँदैन । यदि ईश्वरबाट बच्चा हुन्थ्यो, हुन सक्थ्यो भने मुर्दाबाट पनि हुन सक्दथियो, किनकि ईश्वर त मुर्दामा पनि छ । अत: यो कुरा सिद्ध भयो कि प्राणी प्रसवको कारण आत्मा हो, ईश्वर होइन । जब कसैले भन्यो कसैको घरभा छोरा भयो भन्यो भने सबैले यही सोध्छन् त्यो बालकका पिता माता को हुन; कुन स्त्री–पुरुष हुन् । जस्तो कुनै कारण मानिसले आफ्नो छोरालाई यो तपाईको छोरा भन्दिन्छन्, त्यसरी नै यी साम्प्रदायकि आफूले जन्म दिएको छोरालाई पनि यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईश्वरको भन्दछन्, नत्र साँचो कुरा यो हो कसैले आफ्नो बावुको नाम ईश्वर हो भन्दैनन् । भन्नत भनिदिन्छन् सवैका पिता ईश्वर हुन तर वास्तवमा एक जना मनुष्य यस्तो छैनन् जसको बाबु ईश्वर हो, अनि यदि कसैको पनि ईश्वरले आजसम्म उत्पन्न गरेनन् त पहिले पनि नगरेको सिद्ध हुन्छ । अतः सविता नाम आत्माको हो, ईश्वरको होइन । तर म छोडेर आजसम्म जति बेदका टिकाकार र भाष्याकार भए करिब करिब सबैले सविता देवको अर्थ ईश्वर गरे अथवा सूर्यदेवता गरेका छन्, जुन कुरा अत्यान्त असत्य छ । सूर्यबाट कोही प्राणी उत्पन्न हुँदैन । प्राणी प्राणीवाट नै उत्पन्न हुन सक्दछन् जस्तो चनाबाट चना गहुँबाट गहुँ उत्पन्न हुने गर्दछ ।

ईश्वरवाट ईश्वरनै हुन सक्दछ, नियमानुसार अथवा सृष्टिको क्रमअनुसार चनावाट चना गहुँ बाट गहुँ धानबाट धान मनुष्यबाट मनुष्य भए भनें ईश्वरबाट ईश्वर नै हुनुपर्दछ, मानिस, होस् अथवा कुनै प्राणी हुँदैन । तर 'सू = प्राणीप्रसवे' धातुबाट सबिताको अर्थ प्राणीहरूको उत्पन्न गर्ने वालाछ;

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईश्वर होइन । तर मजहवी (सम्प्रदाय) को पक्षपातले बिद्वानका आँखा बन्द गरिदिएको थियो जसले गर्दा ठूलाठूला मजहवी बिद्वानले पनि सविता शब्दको अर्थ ईश्वर बनाए जुन कुराको सम्भव हुन सक्दैन । (अत: सविता शब्दको अर्थ आत्मा गरेर गायत्री मन्त्रको भावना निम्नलिखित प्रकारबाट हुँदछ ।

म (हामी) आत्मादेवको उस चुनने योग्य सर्वश्रेष्ट तेज, शक्ति या बलको चिन्तन, भावना या ध्यान गर्दछौ जसले हामीहरूको निश्चय गर्नेवाला या काम गर्ने वाला बुद्धिको अथवा बिचारको प्रेरित गर्दछ (अनि जसको आधारमा हामी जे चाहान्छौ उस्तै बन्दछौं ।)

यो गायत्री मन्त्रमा आत्माको आश्चर्यजनक बलको ज्ञान प्राप्त गरेर उसलाई धारण गर्ने उसको ध्यान गर्ने अनि आत्माबल मनोबलबाट काम लिने कुरा छ । आफ्नो आत्माबलको भावना नै गायत्रीको जप हो । मुनिबर पताञ्जलिले भन्नु भएको छ : –
"तञ्जपस्तदर्थ भावनम ॥२८॥"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सृष्टिकर्ता सवितादेव

मानिसमा वृद्धि हुन्छ, बालक बढ्छ मोटो हुन्छ, त्यो पनि नयाँ रगत अनि मासु उत्पन्न भएको कारणले नै हुन्छ। यो सबैको भएकोले अथवा कस्को कारणले हुन्छ ? यसको एउटै कारण छ। यदि तपाई मसँग सोध्नु हुन्छ भने यो एक को हो ? त म भन्दछु यो आत्मा हो । ईश्वरको कारण रगत, बिर्य मांसादिको उत्पत्ति हुँदैन। मजहवी ईशवर सर्व व्यापक भएको हुँदा मुर्दामा पनि छन्। तर यति ठूलो ईश्वर भएर पनि मरेको मुर्दामा रगत, मासु उत्पन्न हुँदैन, किनकि उसमा उत्पन्न गर्ने वाला अथवा उत्पत्तिको कारक सवितादेव रूपी आत्मादेव छैनन् रहदैनन् । अतः सविता नाम जीवको हो वा आत्माको हो, तर ईश्वरको होइन। सुनको एउटा ठूलो भाग परीक्षण गर्नको लागि लिनु त्यसबाट चोइट्यायेर सुन ब्यापारीले चिन्ने रूपमा अथवा नमुनाको रूपमा सानो टुक्रा लिन्छ अनि परीक्षण गर्छ। परीक्षण गर्दा त्यो सानो टुक्राले जे परिणाम दिन्छ सबैले त्यही मान्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यही प्रकार., सृष्टिलाई उत्पन्न गर्ने वाला को हो भनेर ऱ्यसको परीक्षा गर्नको लागि यो सृष्टिको कुनै एऱू बस्तुलाई लिने अनि उसको जीवन मरण उत्पत्ति विनाशप्रति िचार गर्नुहोस् ।

गहुँलाई नै लिनुहोस् । गहुँबाट गहुँकै बिरुवा उत्पन्न हुन्छ अनि गहुँबाटै गहुँको बिज उत्पन्न हुँदछ । फेरि बिजबाट बृक्ष अनि बृक्षबाट बिज हुन्छ यही उत्पत्तिको क्रम देखिरहेको छ । तर सोचौ त एउटा निर्जीव मुर्दा बिजबाट बृक्ष हुन सक्दछ ? यसको उत्तर यही हुन्छ ? कहिल्यै हुन्न । यस प्रकारले सुकेको मुर्दा सरह निर्जीव बृक्ष बिजको उपन्न गर्न सक्दछ ? कहिल्यै सक्दैन । अत: यो सिद्ध छ प्रत्येक बस्तुको उत्पत्तिको कारण उसको भित्रको जीवन, सजीवता जीव या त आत्मा हो । बिज बृक्षको सूक्ष्म रूप हो । स्थूलबाट सूक्ष्म अनि सूक्ष्मबाट स्थूल भइरहेको छ । यही नियम छ । बिजबाट बृक्ष–बृक्षबाट बिज अथवा स्थूलदेखि सूक्ष्म सदैव भैरहेको छ । यो सृष्टि अनादीदेखि अनन्त छ । मृत या निर्जीवबाट केही

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएको छैन । संसारको उत्पत्तिको कारण सिद्ध आत्मा नै मानिन्छ । आत्मादेव नै सविता देव हो, यसैले सवैको उत्पन्न गर्दछन् । यसको तेज अनन्त अपार छ । आत्माको बल तेज सर्वश्रेष्ठ भएकोले ज्ञानिहरूबाट वरण्य छ । शरीर तथा मस्तिष्कको सबै उन्नति र सुधार यसैको अधिन छ । यसलाई जानेर एकछिन बसेर आत्माको बल तेजको चिन्तन गर्नु अन्तरमुख भएर आत्माको ज्योतिको ध्यान गर्दा निर्भय, स्वतन्त्र, स्वस्थ, ब्रम्हज्ञानी, मुक्त भएर आनन्द हुन्छ । यही गायत्री मन्त्रको भावार्थ हो । तर प्रत्येक मजहवि सम्प्रदायले आफ्नो मत अनुसार यसको अर्थ आ–आफ्नो देवता वा ईश्वरमा लागेर मानिसलाई ठूलो भ्रममा पारिराखेका छन्, यसले संसारको ठूलो अपकार भैरहेको छ; यसको अन्दाज आफै स्वयम लगाउने ।

सोचौं संसारका धनि मानिस यो असत्य भ्रमपूर्ण मजहवी सम्प्रदायक अर्थ, भाषा, टीकाको, सिद्धान्तको विचार फैल्याउन करोडौं रूपैयाँ मासिक खर्च गरिरहेका छन् । तर सत्यप्रति ज्यादै थोरैको मात्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ध्यान पुग्छ, सत्यको लागि यसले जो खर्च भएको छ त्यो छैनको बराबर छ । मजहवी भिथ्या भाष्या अर्थ, बिचार, सिद्धान्त र मतको लागि संसारका धनी लाखौं खर्च गर्न सक्छन् थो असत्यको लागि हजारौं मानवले आफ्नो जीवन अर्पेका छन् । असत्यको प्रचारमा लागेका छन्, सत्य स्वतन्त्र निष्पक्ष सिद्धान्तको लागि पनि धनिले लाखौं खर्च गर्न सक्दछन्, लाखौं बिद्वान आफ्नो जीवन पूर्ण अर्पण गर्न सक्दछन् । तर हाम्रो सत्य निष्पक्ष विचारको बहुत कम्ति प्रचार भइरहेको छ । जुनबेलादेखि यो स्वतन्त्र सत्य बिचारको संसारमा परिचय हुन्छ त्यसबेला मानिस उस समयको संसारको बिचार क्षत्रमा ठूलो एक क्रान्ति मचिन्छ । कति बिद्वान् यो पढेर क्रोधित भएर उठनेछन् कति यसमा तन्मय भएर विचार्न लाग्दछन् अनि थोरै दिनमा यो सत्य मान्न लाग्नेछन् । सत्यको जीत हुन्छ अनि सबै संसारमा मानसमाजको प्रचार हुनेछ । अत: यो सत्यको लागि (१) प्रचारक चाहिन्छ (२) लेखक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चाहिन्छ, (३) अनुवादक चाहिन्छ, (४) भजनिक चाहिन्छ (५) क्लब चाहिन्छ, (६) सम्पादक चाहिन्छ। अनि प्रकाशक चाहिन्छ।

यसमा तलवी र बेतलवी दुवै प्रकारका मानिस हुनुपर्छ। अतः तपाईंहरू सबै बिचार गर्नुहोस् जसबाट जे हुन सक्दछ गर्न आरम्भ गर्नुहोस्। बडो अचम्म छ हाम्रा शिष्य ज्ञान शक्तिको लागि लेख लेख्न सक्दछन्, तर लेखिरहेका छैनन्। कोही कोही धेरै दिन पछि लेख लेख्छन्, तर त्यतिले नै काम चल्दैन।

प्रचारकको काम

हाम्रा सबै शिष्य, महाराष्ट्री, बिहारी, आदिबासी, उडिया खुब गर्दैछन्। क्षत्री, बाहुन, मारवाडी, गुज्राती पनि प्रचारमा पछिछैनन्। प्रचारको काम जोरतोरबाट भएको छ, तर यतिले हामी सन्तोष छैनौ। महिनामा लाखौं सदस्य हुनुपर्छ। नगर नगर गाउँ गाउँमा यसको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सतसङ्घ हुनुपर्छ । सबै ठाउँमा मुनि समाजका पुस्तकका कथा हुनुपर्छ । यही आत्मादेव सत्यदेव हुन । यिनै सत्यदेवको कथाले हाम्रो मनोरथ पूर्ण गर्न सक्दछ । मुनिका घरघरमा सदैव मुनि समाजको स्वाध्याय अनि कथा हुनुपर्छ, अनि हेर्नुहोस् संसार कति सुखमय भएर जान्छ ।

मुनिश्वर शिवकुमार सास्त्री ज्यूको अन्य पुस्तक पढ्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अध्याय २

यजुर्वेदको गायत्री

माथि गायत्री मन्त्रको अर्थ अनुवाद सहित भाष्य सहित (हिन्दीको) नेपालीमा विस्तारपूर्वक भै सकेको छ । तर त्यो यस गायत्री मन्त्रको भाष्य हो जो ऋग्वेद अनि सामवेदमा छ, तर आज (म) उसको भाष्य गर्न गैरहेको छु जुन गायत्री मन्त्र यजुर्वेदमा छ । यजुर्वेदमा जो गायत्री मन्त्र छ अलिकति फरक छ । यसमा भूर्भुवः स्व यति अरू थपिएको छ, यो ब्याहृतिको नामले प्रसिद्ध छ । यजुर्वेदको मन्त्र निम्न प्रकार छ :

भूर्भुवः स्वः । तत्सवितुर्वरेण्यं भर्गो देवस्य
धीमहि । धियो यो नः प्रचोदयात् ।

मजुर्वेद अ । ३६/मन्त्र ३ ।

अन्वय पूर्वक पदच्छेद

भूः । भुवः । स्वः । सवितुः । देवस्य । तत् ।
बरेण्यम् । भर्गः धीमहि । यः । नः । धियः ।
प्रचोदयात् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थ

भूः	= प्राण
भुवः	= अपान (अनि)
स्वः	= व्यान (वाला)
तत्	= उस
सवितुर्देवस्य	= सविता देवको
बरेण्याम	= वरण गर्न योग्य चुन्न योग्य उत्तम श्रेष्ठ
भर्गः	= तेजको (हामीहरू)
धीमहि	= धारण गरुँ
यः	= जो
नः	= हामीहरूको
धियः	= बुद्धिको या बिचारको
प्रचोदयात	= प्रेरित गर्दछ

भावार्थः

प्राण, अपान अनि व्यान बाला सविता देवको (त्यो) चुन्न योग्य या श्रेष्ठ तेजको हामीहरू धारण गरुँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसले हामीहरूको बुद्धि, भावनाको या बिचारलाई प्रेरित गर्दछ ।

यहाँ पनि यो मन्त्रलाई लिएर मजहवी सम्प्रदायले आ–आफ्नो मजहवी ईश्वरलाई सिद्ध गरेका छन् । उनीहरूले भनेका छन् सवितादेव ईश्वर हुन । हामीहरू उही परमेश्वरको श्रेष्ठ तेजलाई धारण गरु । यो अर्थ सर्वदा असुद्ध–असत्य गलत भ्रमपूर्ण अनि पक्षपातपूर्ण छ । सत्यार्थप्रकाशमा आर्यसमाजिहरूका गुरु वा नेताले योमन्त्रको अर्थ गर्दै भनेका छन् "भूरितिवै प्राणः" । "यः प्राणयति चराऽचरं जगत् स भूः स्वयम्भूरीश्वरः" । भूरिति वै प्राण" यो बचन यजुर्वेदको तैत्तिरियोपनिषदको हो । अतः यो त ठिक छ भू–नाम प्राण को हो । तर "य" प्राणयति चराऽचरं जगत स भू स्वयाम्भूरिश्वरः" यो स्वामि दयानन्दले आफ्नो तर्फबाट बनाएर लेखेका हुन । यो कुनै उपनिषद्, वेद वा शास्त्रको बचत होइन । यो सर्वथा असत्य छ । यसको अर्थ यो हो कि चर अनि अचर सबै संसारलाई प्राण दिन्छ, जीवन दिन्छ या

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राणित गर्छ, एहि "भू" हो अनि एही स्वयाम्भू ईश्वर हो । उपनिषदमा त यतिमात्र भनिएको छ, 'भू': । इति । वै । प्राण:' । 'भू:' निश्चय गरेर प्राण हो । तर स्वामिजीले त मजहवी भएकोले खिच खाच गरेर यो 'भू:' को अर्थ पनि ईश्वर गर्दिनु भयो । 'भूरिति वै प्राण:' यसको अर्थ यतिमात्र हुन सक्छ 'भू:' निश्चय गरेर प्राण हो, अथवा भू निश्चय गरेर प्राणको नाम हो । यसमा मजहवी सम्प्रदायको ईश्वरको गन्ध सम्म छैन । तर आर्य्यसमाजिले यसको अर्थ आखिरमा "भू:" स्वयाम्भूरिश्वर" भनेर यो भन्दिए कि "भू:" परमेश्वरको नाम हो । यसलाई सत्यार्थप्रकाशको तृतीय समुल्लासमा हेर्नुहोस् पक्षपातको सिमानै छैन । प्रमाणमा उपनिषद्‌को बचन दिएर भनियो "भूरिति वै प्राण' भू: प्राणको नाम हो । तर अर्थ गरियो "भू:" परमेश्वरको नाम हो" यो सत्यार्थ प्रकाश कै बचन हो । यो हिन्दी अर्थ पनि सत्यार्थ प्रकाशबाटै मैले उघृत गरेको छु। कति ठूलो पक्षपात कति ठूलो असत्य अर्थ हो । यसमा पनि पुस्तकको नाम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत्यार्थप्रकाश छ । यसको नाम त हिन्दीमा (नेपालीमा) मिथ्यार्थ प्रकाश राखिएको भए राम्रो हुन्थ्यो । विद्वानहरू निष्पक्ष बिचार गर, अनि हेर्नुहोस् कति ठूलो पक्षपात गरेको छ । स्वामि दयानन्दले उपनिषदको यो बचन लेख्दै पनि 'भूपरितिवै प्राण' यसको अर्थ गर्दै पनि 'भूः परमेश्वरको नाम हो' यो त साफ पढे लेखेका मानिसका आँखामा छारो हाल्ने काम हो । हेर्नुहोस् यो मिथ्याई कहिले सम्म चल्दछ ? के कहिल्यै यो कसैले जान्न सक्दैनन्, के मजहवी व्यक्ति यही प्रकारले सबैका आँखामा छारो हालिरहने ? के कहिल्यै पनि यसमा बिचार हुन सक्दैन । 'भूः नाम ईश्वरको अनि प्राणको नाम ईश्वरको, अपान नाम ईश्वरको (नाक, कान, आँखा, दाँतका नाम ईश्वरको) सबै ईश्वरको नाम छ, ईश्वर को यो कति ठूलो पक्षपात छ । अगाडि गएर सत्यार्थप्रकाशमा भनिएको छ "भूवरित्यपानः" । उस परमेश्वरको नाम अपान हो । 'स्वरितिव्यान' यो पनि लेखेर सत्यार्थप्रकाशमा व्यान अनि स्वः को पानि परमेश्वरको नाम मानेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। किनकि उनको बिचारमा ब्यान पनि स्व हो स्व परमेश्वरको नाम हो। यो सब किन गरियो ? यो यसकारण गरियो कि जुन गायत्री मन्त्रले ईश्वर सिद्ध हुन सकेन त्यसले मजहवी परमेश्वरलाई सिद्ध गरिदिऊँ।

यो भन्दा पहिले सविता शब्दको अर्थ बिस्तारपूर्वक उल्लेख गरी दिएको छ, अनि यो सिद्ध गरिएको छ कि सविता शब्दको अर्थ सिधा आत्माको अर्को नाम हो; अर्को हुन सक्दैन। यजुर्वेदको गायत्री मन्त्रले व्याहृतिको सविताको अगाडि लगाएर हाम्रो आत्मावाला अर्थको अरू पनि स्पष्ट पुष्टि गरिदिएको छ। हेर्नुहोस् भूः। भुवः। स्वः। तत् सवितुः। देवस्य।

अर्थ

प्राण, अपान अनि ब्यान वायु बाला उस सविता देवको (वरेण्याम भर्गः धीमहि) श्रेष्ठ या चुन्न योग्य तेजको हामीहरू ध्यान गर्दछौ अथवा उसको श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेजलाई धारण गर्दछौ या धारण गरुँ । यही हो ठिक ठिक अर्थ ।

तर सत्यार्थप्रकाशमा स्वामिदयानन्दले यसको अर्थ लेखेका छन् – "उस परमात्मा को जो शुद्ध चेतन स्वरूप छ उसैलाई म धारण गरुँ ।" बस यही असत्य, अुशद्ध र पक्षपातपूर्ण गर्नको लागि नै भूः, भुव अनि स्वः यो तिनको अनि प्राणः अपान, व्यान् यी तिनको सत्यार्थप्रकाश या मिथ्यार्य प्रकाशमा ईश्वरको नाम बताई दिएको छ । यदि यस्तो बताउँदैन थिए भने गायत्री मन्त्रद्वार ईश्वर सिद्ध हुने थिएन । कोही मजहवको ईश्वर अपान वायु बाला या अपान वायु छोड्ने बाला हुन सक्दैन थियो तर यो गायत्री मन्त्रले सवितादेवको प्राण, अपान र व्यान बाला बताएको छ । अतः यो सवितादेव अवस्य मनुष्यत्मा हो, दुस्रो होइन सवितादेव यात आत्माको तेजको अर्थात् आत्मावलको साधनद्वारा धारण गर्ने यो गायत्री मन्त्रमा भनिएको छ । गायत्री मन्त्रमा आत्मा तेज रूप ब्रम्ह, तेजको चिन्तन गर्ने, ध्यान गर्ने, अनि धारण गर्नको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लागि भनिएको छ, यही गायत्री मन्त्र उस आत्मा तेज अनि ब्रम्हतेजको परिचय गराई रहेको छ जसको बिचार चिन्तन, ध्यान र ज्ञानद्वारा धारण गरेर सम्पूर्ण उन्नति गर्न सक्दछन् अनि ब्रम्हपद प्राप्त गर्न सकिन्छ। "भूरिति वै प्राण, भुव इत्यापान; स्वरिति व्यान:" । यो यजुर्वेदको तैत्तिरियो पनिषद्को बचन हो। "प्राण, अपमान र व्यान" यही तिन प्रकारको प्राण यो शरीरमा मुख्य छ । प्राणको स्थान शरीरको माथिल्लो भागमा छ । अपमानको स्थान शरीरको भिन्न भागमा (तलको भागमा) हो अनि यसले गुदद्वारबाट बाहिरन्छ । व्यान सम्पूर्ण शरीरमा फिजिएरको छ । प्राणका यिनै तिनभागद्वारा आत्मादेव शरीरको पालन पोषण गरिरहेको हुन्छ । कसरी प्राणद्वारा रगत बन्दछ अनि योरगतबाट सारा शरीर बन्दछ हाम्रो सचित्र योग साधनमा बिस्तारपूर्वक लेखिएको छ । यदि प्राणवाला आत्मा न रहेदेखि शरीरको पालन पोषण मजहवी ईश्वर त के उसको बाबुले पनि गर्न सक्दैन । यही हुन्छ पनि । यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शरीरको जब यो प्राण अपमान अनि व्यान वाला आत्माले छोडिदियो भने शरीर मृतक अनि जीवहिन भएर बेकार हुँदै नष्ट भएर जान्छ । सर्वव्यापी भएको कारण मजहवी ईश्वर त मुर्दामा पनि छ, मृतक मा पनि छ, तर आत्मा नरहेमा यो मजहवी ईश्वर शरीरको कुनै उपकार गर्न सक्दैन । मजहवी ईश्वरलाई मजहवी मानिस आत्माभन्दा पनि अधिक शक्तिमान, अधिक उपयोगि अधिक चेतन अधिक ज्ञानवाक अनि अधिक तेजपूर्ण मान्दछन् । तर वास्तवमा यो मात्र मजहवी मनुष्यको कोरा कल्पना मात्र हो । त्यो मजहवी ईश्वर यदि त्यस्तो हुँदो हो त मुर्दाको तेज पनि नष्ट हुने थिएन, मजहवी ईश्वर सर्वशक्तिमान् अनि सर्वब्यापक थियो भने मुर्दामा पनि रहने थियो अनि मुर्दाको पनि काम गर्ने बाला शक्ति ज्ञान बड्ने थियो । आत्मालाई मजहवी सम्प्रदायहरू अल्प शक्तिवाला अल्प ज्ञान वाला मान्दछन् । शरीरको मालिक एक अल्प शक्तिवाला भएर यो शरीरलाई आफ्नो अनुसार चलाईरहेको थियो भने यो शरीरले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदि कुनै भूल गरेको र दुर्बलता देखायो भने त कोही कुरा छैन, किनकि जीव अल्प शक्तिवाला अनि अल्पज्ञ छ। तर जब यो अल्पज्ञ, अल्पशक्ति वाला र भूल गर्ने वाला जीव निस्केर गयो र मात्र सर्वशक्तिमान मजहवी ईश्वर रह्यो तब बेकार, मृतक, जड, शक्तिहीन अनि तेजहिन भएर किन रहदथ्यो ? अत: यो सिद्ध छ कि आत्मा बाहेक अर्को कुनै चेतन छैन। मजहवी ईश्वर सम्प्रदाय व्यक्तिको कल्पना मात्र हो। मजहवी ईश्वर सर्वदा असत्य हो। हाम्रो यो शरीरको पालनपोषण हाम्रो आत्माद्वारा हुन्छ। यही कारण हो सबै मानव सबैभन्दा बटी आफ्नो आत्मालाई चाहन्छन्, भन्दछन् अनि प्यार गर्दछन्। आत्मा नै सबैको वरण्य हो; बरण गर्ने योग्य हो अनि यही हाम्रो बिचार र मस्तिष्कमा ज्ञान दिएर उसलाई प्यार गर्दछ। बस यही गायत्री मन्त्रको अर्थ हो जो बहुत स्पष्ट छ। तर यस सत्यको र स्पष्टलाई मजहवी पक्षपातले आजसम्म प्रकट हुने थिएन त्यसैले मानिस यो असत्य र पक्षपातपूर्ण मजहवी अर्थको प्रचारमा लागिरहे अनि यसको लागि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

करौडौं रुपैयाँ प्रति महिना पानी सरह बगाई व्यार्थ गरी रहे । मजहवी सम्प्रदायकहरूले संसारको कति अपकार गरिरहेकाछन्, यसलाई विद्वान मानिसले सोचेर यो असत्यलाई संसारबाट निकालेर सत्यको प्रचार गर्नको लागि कटिबद्ध होउ अनि मनमा यसको दृण प्रतिज्ञा गरुँ । सत्यार्थप्रकाशमा भनिएको छ :

"यः प्राणयतिचराऽचरं जगत् सभूः
स्वयाम्भूरीश्वरः"

अर्थः जो चरा चर सबैको प्राणित गरिरहेका छन्, सबैमा प्राण चलाउने, प्राण दिने या जीवन दिन्छन्, उनी आफसेआफ हुने वाला स्वयम्भू ईश्वर हुन् । यसैमा तपाईहरू बिचार गर्नुहोस्, कि सर्वव्यापक ईश्वर त मुर्दामा पनि छन । मुर्दामा यो ईश्वर रहे पनि मुर्दामा प्राणले प्राणित गर्न सक्दैन, मुर्दामा प्राण चल्न सकेन (सक्दैन) अनि मुर्दाका जीवनी शक्ति पनि दिन सकेन (सक्दैन) । अतः स्वामिजी को होस् या अर्कैको होस् "जो चराचरमा प्राण दिने, प्राण चल्ने या

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीवन दिने ईश्वर छ भन्नु सरासर अति मिथ्या र असत्य हो ।" जुन आत्माद्वारा चराचर प्राणित भैरहेको छ, जीवन पाइरहेका छन् उसलाई नमानेर एउटा कल्पीत अनि मजहवी ईश्वरद्वारा जीवन पाउने कल्पना गर्नु, मान्नु तथा अर्कोलाई मनाउने उपदेश दिनु मुर्खता र कृतघ्नता मात्र नभै यो दिनदहाडै जनताको निमित्त धोका हो । यही महान पापको कारण मानिसको उन्नति रोकियो अनि दिनौदिन गिर्दै आइरहेको छ । यो पक्षपात, छलछाम अनि असत्यलाई निकालेर फ्याक्नको लागि अब तमाम स्वतन्त्र अनि निष्पक्ष विचारवाला उठ्नु पर्छ ।" मुनिहरू हाम्रा शिष्यले यस विषयमा विशेष ध्यान दिनु पर्दछ ।

गायत्री मन्त्रको दुस्रो अर्थ

यो शरीरको तीन भाग छ या शरीर रूपी विश्वव्रम्हाडमा तीन लोक छ; जस्तो भूर्लोक भूवर्लोक, अनि स्वर्लोक । यो विश्वव्रम्हाण्ड तल्लो भाग भुर्लोक हो अनि माथिको भाग स्वर्लोक हो, जो सुख अनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आनन्दको लोक हो । वैदिक कोष निघण्टुमा भनिएको छ (भूः । भूमिः) अम्मर कोषमा पनि "भूर्भूमि" भनिएको छ ।" अतः भू माने पृथ्वी भनेको छ । शरीरको अङ्ग पृथिवी पटि छ अर्थात् टाँग या पयरको नाम "भूः" हो । बीचको लोक कम्मरदेखि लिएर ग्रीवासम्म भूवर्लोक हो । ब्रम्हरन्ध्रको स्थान मस्तक या मष्तिष्क स्वर्गलोक, आनन्दको लोक, सत्यलोक, व्रम्हलोक या स्वर्लोक हो । ब्रम्हरन्ध्र यही स्वर्लोकको नाम हो । सबैभन्दाा माथिको शरीरको मस्तक नै स्वर्ग या स्वर्लोक हो । शरीरको तल्लो भाग जाँघ तक भूर्लोक हो, पृथु अर्थात् कटि प्रदेश (कम्मर) देखि गृवासम्म भूवर्लोक हो अनि शरीरको सबैभन्दा उच्चो वाला भाग मस्तक स्वर्लोक हो । यो अथर्ववेदको काण्ठ १३ अनुवाक ४ । मन्त्र ५२ ले पनि सिद्ध छ जो निम्न वमोजिम लेखिएको छ :

उरुः पृथुः सुभुर्भुव इति त्वोपास्महे वयम् ।

काण्ड १०/४/५२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पदच्छेद

ऊरुः । पृथुः सुभुः । इति । त्वा । उपास्महे । उरू र पृथुनै (स) सुन्दर भूः अनि भुवः हो (इति) यस्तो तिम्रो उरु र जंघा बाले अर्थात् शरीर धारी आत्मा (ईश्वर)को हामीहरू उपासना गर्दछौं ।

यो मन्त्रले प्रष्ट प्रकट गरेको छ शरीरमा जाँघसम्म 'भूः' कम्मर माथि भुवः हो । यो मन्त्रमा स्वर्लोक या स्वर्गको वर्णन छैन । तर स्वर्ग माथि तर्फ छ जहाँ ब्रम्हको निवास हो । (यो कुरा आफ्नो दुस्रो ग्रन्थमा सिद्ध गरिसकेका छौं ।) अब यो शरीर त्यो भाग जो सबैभन्दा माथि छ । त्यही ब्रम्हरन्ध्र हो, त्यही ब्रम्हलोक हो अनि त्यही आनन्दको केन्द्र भएबाट स्वर्ग ग स्वर्लोक हो । यही तीन लोक (अर्थात् भूर्भुवः स्वः) लाई धारण गर्ने वाला सविता देव अर्थात् आत्मादेवको वरेण्य तेजलाई हामी धारण गरू या यो वरण गर्न योग्य तेजको हामी ध्यान गरू, किन कि यो हामीहरूको (उन) सदबिचार, सद्‌बुद्धि अनि शुभभावनालाई उकास्ने वाला या प्रेरित गर्ने वाला छ (जल्ले हाम्रो उन्नति अनि कल्याण भएको छ) यही गायत्री मन्त्रको दुस्तो अर्थ हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अध्याय ३

गायत्री को हिन्दी भाष्य

ॐ भूर्भुवः स्वः । तत्सवितुर्वरेण्यं भर्गो देवस्या धीमहि । धियो यो नः प्रचोदयात ।

यजुर्वेद अ ३६ । मं. ३

यो गायत्री मन्त्रको अर्थ मैले यही पुस्तकको गताध्यायमा वडो बिस्तारपूर्वक गरिसकेको छ, जुन हाम्रा पाठक वर्गले अवस्य पडे होला । मैले जो अर्थ गरेको छु त्यसलाई मानिसले हुन सक्छ भनें दुस्रा मानिसले गरेको अर्थ सँग मिलाएर हेर्नुस अनि बिचार गर्ने । दुस्रा मानिसको अर्थसँग मिलाएर हेरे पछि तपाईंलाई याद हुन्छ कि दुस्रो मानिसले जुन अर्थ गरेको छ त्यो पक्षपात पूर्ण, अति असत्य व्यार्थको साम्प्रदायिक छ; वास्तविक छैन ।

सबितु

'सवित' शब्दको रूप प्रथमा विभक्तिको एक बचनमा 'सविता' अनि षष्टि विभक्तिको एक वचनमा 'सवितु' यस्तो हुँदछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थबदधातुरप्रत्याय: प्रातिपदिकम्
१/२/४५ पाणिनिमुनिको अष्टाध्यायी ब्याकरणको यो बहुतै प्रसिद्ध सुत्र हो । यो सुत्र अनुसार अर्थ वाला शब्दको प्रातिपादिक संज्ञा हुन जान्छ। तर धातु, प्रत्याय र प्रत्यायान्त शब्दलाई छोडेर सविता शब्दको मैले पहिल्यै सिद्ध गरिसकेको छ यो षङधातुको अगाडि कृदन्तको तृत् प्रत्याय लगाय र बनेको छ । अत: यो सुत्रले त 'सवितृ' शब्द प्रत्यायान्त भएको कारण प्रातिपदिक संज्ञामा प्राप्त हुँदैन तर यो सुत्रको अगाडि एक सुत्र छ ।

कृत्तद्धित समासाश्च /१/२/४६

यो सुत्रको अर्थ यो हो कि कृदन्त, तद्धित प्रत्यायान्त अनि समास यी सबैको पनि प्रातिपदिक संज्ञ हो । सवितृ शब्द कृदन्त हो । किनकि यो शब्दले अन्तमा कृत्संज्ञक प्रत्याय 'तृन' लागेको हो । अत: यसको प्रातिपदिक संज्ञा हुन्छ र उसको अगाडि स्वौजसमौट छष्टाभ्याम्भिस् ङेभ्याम्भ्यास् ङसिभ्याम्भ्यास् ङसोसाम्ङ् योस्सुप् । ४१/२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'सु' आदि विभक्ति माथिको सूत्र अनुसार लागदछ। अतः 'सवितृ' शब्दको अगाडि प्रथमाविभक्ति को 'सु' प्रत्याय आयो अनि 'सवितृ + सु' यसको यस्तो रूप भयो तवः ऋदुशनस्पुरुदसोऽनेहसंच।

७/१/९४

यो माथिको सुत्रअनुसार यो ऋकारान्त सवितृ शब्दको अगाडि अनङको आदेश भयो असम्बुद्धिको 'सु' अगाडि भएपछि। अनङ्बाट अङ् ब्याकरणको नियामानुसार निक्ल्यो अतः 'सवित् + अन् + सु' यस्तो रूप बन्यो। यस्तो भएपछि चूं कि 'सवितृ' शब्द तृन् प्रत्यायान्त हो। यसकारण अप्तृन्तृच् स्वसृनप्तृनेष्ट्रत्वष्ट्रक्षतृहोतृ पोतृ प्रशास्तृणाम्।

४/११

यो माथिको सुत्र अनुसार 'सवितान' अन्तको 'त' दीर्घ भयो तब यसको रूप 'सवितान् + सु' यस्तो भयो। यसमा 'सु' को 'उ' को उपदेशेऽजनुनासिक 'इत' यो सुत्रले इत् संज्ञा भयो अनि इत संज्ञा भएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"तस्यतो लोप" यो सूत्रले इत् संज्ञाको 'उ' के लोपभयो अनि सवितान् + स्' यस्तो रूप रहन गयो 'संयोगान्तस्य लोप:' यसले स को पनि लोप भयो मात्र बच्यो 'ञवितान्' नलो: पप्रातिपदिकान्तस्य ।

८/२/७

यो सुत्र अनुसार प्रातिपदिक संज्ञा बाला पदको अन्तिम बाला नकारको लोप हुन पर्ने अत: 'सवितान्' को न्" को लोप भएपछि 'सविता' शव्द सिद्ध भयो किनकि यो 'सविता' शब्द (षूङ = प्राणि प्रसवे) धातुबाट बनेको हो अनि प्राणीहरूको उत्पन्न प्राणीले मात्र गर्न सक्दछ; मुर्दाले गर्दैन । सर्वब्यापी भएको मजहवीहरूको काल्पनिक ईश्वर त मजहवीको भनाइ अनुसार मुर्दामा पनि छ, तर यत्रो ठूलो शक्तिमान ईश्वर रहँदा रहँदै पनि निर्जीव मनुष्य शरीर कोही मानिसको या निर्जीव अनि मुर्दामा पनि छ, तर यत्रो ठूलो शक्तिमान ईश्वर रहँदा रहँदै पनि निर्जीव मनुष्य शरीर कोही मानिसको या निर्जीव अनि मुर्दाबीज, रूखको बिरुवा उत्पन्न गर्न सक्तैन । अत: चराऽचरको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्न्न गर्ने बाला बस्तु आत्मा हो अनि यही प्रत्याक्ष हो । स्वामी दयानन्दले सत्यार्थप्रकाशमा भनेका छन् कि (यः सुनोत्युत्पादयति सर्बजगत स–सविता) जो सबै जगतको उत्पन्न गर्ने वाला छन् उही 'सविता' हो । सबै बस्तु नष्ट भएपछि, आफ्नो प्रलयकालमा बीज रूपले रहँदछ, उसै बीजबाट फेरी उही वस्तुको उत्पत्ति हुन्छ । तर बीज यदि निर्जीव भयो भने त मुर्दा बीज बिरुवा उत्पन्न गर्न सक्दैन । अतः यही जीव आत्मा नै सविता हो । मजहवी ईश्वर कसैलाई पनि उत्पन्न गर्न सक्दैन, हुन्थ्यो भने मुर्दा शरीर निर्जीव बीज पनि मनुष्य अनि बृक्ष पनि उत्पन्न गर्न सक्ने थियो किनकि सर्वव्यापक ईश्वरत मुर्दामा अनि मुर्दा शरीरमा पनि रहिरहेको हुन्दछ । मानिसले यो कुरा प्रत्यक्ष देखेर पनि बृक्ष, मानिस र कमिलादेखि लिएर हात्तीसम्मको बीजको उत्पादक ईश्वरलाई मान्दछन् । यही मुर्खता नै मजहवी पक्षपात मात्र होइन किन्तु यस्तो मान्नु पर्छ यो आत्माको अप्रतिष्ठा अनि अवहलेना पनि हो । साँचो उत्पादकलाई भुलेर मानिस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काल्पनिक ईश्वरलाई मानेर हरतरहले तल गिर्दै गैरहेछ । जो कसैको उत्पन्न गर्दैन (गर्न सक्दैन) उसैलाई सबैको उत्पादक अनि पिता भनि रहेका छन् अनि आज पनि सबको उत्पन्न गर्दैछन् उसलाई मानव होइन भनिरहेका छन् । मानिस आफ्नो साँचो शक्ति भूलेर मात्र हैन छोडेर पनि गदाहाको सींग अनि आकासे फुलको लागि दगुरि रहेको छ । गायत्री मन्त्रको शब्दमा सविता शब्द यसकारण दिएको हो कि मानिस यसको अर्थलाई बिचार गरेर आफ्नो आत्माबल, मनोबल अनि इच्छा शक्तिको परिचय लिन सकुन । तर यती साफ भै सकेर पनि मानिसले सविता शब्दको अर्थ ईश्वर लगायो अनि ईश्वरलाई नै सबैको उत्पादक अनिजनक मान्यो ।

मानिस भन्दछन्, आत्मालेत एक कमिलो पनि उत्पन्न गर्न सक्दैन तर ईश्वरले सबै थोक उत्पन्न गर्न सक्दछन् । यती बेला यो भुल्दछन् कि सत्य के हो ? साँचोत यो हो कि ईश्वर ले चै एउटा कमिलो सम्म उत्पन्न गर्न सक्दैनन् यदि कमिलो नभएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भए। कमिला कमिलाको उत्पन्न गर्छन्। कमिलाबाट कमिलै उत्पन्न हुन्छ; ईश्वरबाट होइन। यो प्रत्यक्ष हो र पनि मानिस भन्ने गर्छन्। पहिले–पहिले कमिलालाई कमीलाले होइन ईश्वरले उत्पन्न गरेको थियो। के ईश्वर भक्तिहरूले यो देखेको थियो ? यदि हैन भने यसलाई कसरी माने। आज ईश्वर भक्तिहरूले यो देखेको थियो ? यदि हैन भने यसलाई कसरी माने। आज ईश्वर या कोही बिना कमिलाको कमिला उत्पन्न गर्न सक्दैन भने पहिले पनि गरेका थिएनन् होला। यो सबै मुर्खको कल्पना हो। "बीजबाट बृक्ष–बृक्षबाट बीज" वाला क्रम नै अनादि हो। जसरी तपाईको काल्पनिक ईश्वर यसै प्रकारले अनादिकालबाट चलि आएको छ। उसरिने यो कमिलाबाट कमिला, हात्तीबाट हात्ती, गहुँबाट गहुँ, मानिसबाट मानिस, वाला क्रम पनि अनादिकालदेखि चलिआइरहेको छ, भेद यतिमात्र हो कि मजहवि ईश्वर आफ्नो काल्पनिक हो यही वास्तविक हो। तर निर्जीव वृक्ष निर्जीव वीज मुर्दा मानिस केही उत्पन्न गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सक्तैनन् अतः यो सिद्ध छ कि बीज अनि बृक्ष कसैलाई उत्पन गर्न सक्दैनन् । किन्तु उनीहरूको जो भित्री आत्मा हो त्यो उत्पत्तिको कारण हुन्छ । अतः आत्मा कै नाम "सविता" हो । अब म तल "वरेण्याम्" शब्दको अर्थ गर्न लागे । यो लेखमा केही वाक्याम्स अर्थ प्रष्ट्याउन बारमवार दोहऱ्याएको छ – पाठक वर्गले यसमा दोष नदिनु होला ।

बरेण्याम्

वृज् = वरणे To choose धातुले "वरेण्याम्" शब्द बनेको छ । मतलब यो हो कि "वृञ" धातु वरण गर्ने या चुन्ने अर्थमा आउँछ । सबैमा छानेर निकाल्न योग्य छ, या संसारमा सबैभन्दा योग्य छ; उनै वरेण्या हो । जो सबैभन्दा मनपर्दो पसन्द गर्न योग्य छ त्यही हो वरेण्या । जसलाई सबै मानिसले मन पसन्द गरिसकेका, मानिसकेका अथवा चुनिसकेको छन् उही "वरेण्या" हो किनकि यो "वृञ" = वरणे To choose" धातुले बनेको छ । पाणिनि मुनिको व्याकरणको उणादि प्रकरणको सूत्र छ –

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वृञ एण्य:

यही सूत्र अनुसार "वृञ" धातुको अगाडि एव्य लाग्दछ अनि वरेण्या शब्द बन्दछ 'वृञ्' धातुको 'वृञ्' हल हो, अत: "हलन्त्याम" यो सूत्रअनुसार ञ् को इत् संज्ञा भएकोले "तस्यलोप: ।" यो सूत्रले उसको लोप भयो अनि व+एण्या रहन गयो अब ।

सार्वधातु कार्ध धातुकयो ७/३/८४ अनयो: परयोरिगन्ताङ्गस्यागुण: ॥ यो सूत्रले "ञ्" को इक् "ऋृ को गुण हो अनि "उरणरपर: १/१/५१ यो सूत्रले "ऋृ" को अर भएर व् + अर + एण्य यस्तो बन्यो । यसैको एकमा मिलाउँदा 'वरेण्य' बन्यो अनि द्विप्तीयाको 'अम्' विभक्ति लगाउँदा 'बरेण्य' शब्द बन्यो । 'वरेण्य' शब्दको अर्थ माथि गरिसकियो कि जसलाई सबैले चुनि सके या पसन्द गरिसके, या संसारमा सबैभन्दा अधिक, सर्वप्रिय छ । के यस्तो कुनै मजहवीको महजवी ईश्वर छ जसलाई सबैले मान्दछन् । यस्तो केवल आफ्नो आत्मा मात्र हो । संसारमा सबैको सबैभन्दा अतिप्रिय उसको आफ्नो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीवन हो, प्राण हो या आत्मा हो । यसैले जसले पनि यसलाई बहुत प्यारो गर्दछन्, उसलाई प्राणप्यारो या प्राणप्यारी भन्दछन् । जसलाई मानिस बहुत प्यार गर्दछन्, उसलाई भन्दछन् तिमी मेरो प्राण समान छौ ।

मजहवी साम्प्रदायीका काल्पनिक देवता, देवी अनि भगवानको पनि मनुष्य मान्दछन् भने त आफ्नो लागि मान्दछन्, आफ्नो भलाईको लागि मान्दछन्, आफ्नो स्वार्थको लागि मान्दछन् र सबैको पुजा गर्दछन् ।

एक पैसाको फूल अक्षता चडाएर मानिस भगवानसँग त्यो बस्तु माग्दछन् जसलाई लाखौं खर्च गर्दा पनि पाउन सकिदैन । (भारतको) जिल्ला होशङ्गाबाट को पिपरियामा मुनि–समाजको अधिवेशन भैसकेको थियो । यसैको बिरोधमा नदी किनारमा अखण्डीकर्तनको लागि मन्दिर बनाएको थियो । काल्पनिक भगवानको एउटा बहुत सुन्दर मुर्ति मगाएर त्यहाँ पधार्पण गरिएको थियो । रातदिन वहाँ पच्चिसौं मानिस बराबर अखण्डकिर्तन गर्न लागे । केही दिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पछि मन्दिरमा आगो लाग्यो । भगवानका सबै प्रेमी र भक्त आ–आफ्नो जिउ जोगाउन भागे । भगवानको मूर्ति र मन्दिर दुवै जलेर नष्ट भए । मजहवीका भगवानले आफ्नो सम्म बचाउ गर्न सकेनन् । (जीउ ज्यान जीव आत्मा सबैको लागि सबभन्दा अधिक प्रिय वस्तु हुन् । चुनावमा विसौं मानिस खडा हुन्छन्, यी बीचमा सबैको ज्यादा चुन्न इच्छा कस्को पसन्द गर्छन् ? आफ्नो; आफ्नै आफू । हरेक बिपत्तिमा सबैभन्दा पहिला प्राणीले कसलाई बचाउन चाहान्छ ? आफ्नो आफूले आफै । आफ्नो सोचाइमा कुनै पनि उच्च पदको लागि मनुष्य आफ्नो मनमा सवैभन्दा धेर कसलाई योग्य मान्दछन्, कसलाई चुन्दछन्, कसलाई वरण गर्छन् ? आफूले आफूलाई । सबै प्राणीले अधिक कसलाई पसन्द गर्दछन् या मान्दछन् ? आफूले आफूलाई । अत: प्राणी मात्रको लागि वरेण्य, वरणीय, वरण गर्न योग्य, पसन्द गर्न योग्य, चुन्न योग्य को हो ? आफ्नो–आफू । यो आफ्नो आफु यो आफ्नो Trueself को हो ? यो हो आफ्नो आत्मा, अत:

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वरेण्य अनि वरण योग्यको ? यसको सही, निष्पक्ष र साँचो उत्तर यो हो कि 'वरेण्य' आफ्नो आत्मा सिवाय अर्को दुस्रो कोही हुन सक्दैन । तर प्राचीन समयमा हाम्रो यो भाष्यालाई छोडेर गायत्री मन्त्रको जति भाष्य भयो सबैभन्दा वरेण्यं त्यो काल्पनिक भगवानलाई मानेको छ । सबै अर्थ गर्ने वालाले वरेण्य मजहवी अनि काल्पनिक ईश्वरलाई नै मानेको छ । सबैं सम्प्रदायक र मजहवी पण्डितले आफ्नो आफ्नो सम्प्रदायकी ईश्वरलाई वरेण्य भने । अब तपाई आफै स्वचनुहोस् संसारमा कति अर्थको अर्थ अनर्थ अर्थ गरिरहे । अत: अब स्वतन्त्र बिचारले निष्पक्ष मानिस मानिसको संगठित रूपले यो असत्यलाई संसारबाट मेटाउनको लागि तयार हुनु पर्दछ । स्वतन्त्र बिचारका स्वतन्त्र अनि निष्पक्ष मानिसको सङ्गठन थिएन, यस्तो कोही सोसाइटी या संस्था थिएनन्, यसकारण स्वतन्त्र बिचारका मानिसलाई यी मजहवी र पक्षपाती मूर्खले समय समयमा ज्यानै मारेका छन् अनि साँचो सत्य निष्पक्ष सिद्धान्तको रूखको फुल्ने फलने भन्दा पहिल्यै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उखेलेर फ्याँकि दिए। अतः यी मानिस जो स्वतन्त्र विचारका छन्, जो मजहवी सम्प्रदायक असत्यलाई सम्झे उनीहरूलाई छिटै संगठित हुनुपर्छ । स्वतन्त्र सत्य अनि निष्पक्ष विचारका मानिसको एक संस्था संसारमा खुलो । मुनि समाजमा सबै स्वतन्त्र विचारका मानिसको सम्मिलित हुनुपर्छ अनि अर्कालाई पनि यसमा सम्मिलित गर्नको लागि बराबर प्रयत्न गर्दै जानु पर्छ । मुनि समाजको प्रमुख स्थान ज्ञान शक्ति प्रेस, गोरखपुरमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्र + चुद (सञ्चोदने) + विधिलिङ = प्रचोदयात्

अध्याय ४

बुद्धि को प्रेरक को हुन् ?

गताध्ययमा गायत्री मन्त्रको सबै बिस्तारपूर्वक अर्थ भैसक्यो । शब्दको अलग–अलग अर्थ गरेर वाक्यार्थ या मन्त्रार्थ पनि गरिदिइयो । मन्त्र लेखेर पदच्छेद अनि अन्वय पनि गरियो । सब भयो । केवल गायत्री मन्त्रको निम्न भागको भाष्य, टीका, व्याख्या या अर्थ खुब बिस्तारले भएको छैन । गायत्री मन्त्रको यो भाग निम्नलिखित प्रकार छ :

मन्त्रको अन्तिम भाग –

धियो यो नः प्रचोदयात् ।

पदच्छेदः । धियः । यः । नः । प्रचोदयात् ।

अन्वयः यो सो धिय : प्रचोदयात्

यस सविता देवको वरेण्य तेजलाई हामी धारण या ध्यान गर्दछौ (यः) जो सविता देव हामीहरूको (धियः) बुद्धि या बिचारलाई (प्रचोदयात्) प्रेरित गर्दछ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उकास्छ या गति दिन्छ। वरेण्य अनि सविता देवको अर्थ बिस्तार पूर्वकसँग पैल्यै बताइएको छ। संसारका सबै प्राणीद्वारा "वरेण्य" आत्माको सिवा प्राणीहरूको भित्र आफ्नो आफूभन्दा दुस्रो हुन सक्दैन। सविता देवको अर्थ आत्माभन्दा अर्को हुन सक्दैन। सम्पूर्ण आत्माबाट मात्र हुन सक्छ, यी सबै कार्यको यो शरीर विना आत्माले गर्न सक्दैन उसरिनैले सोच्ने, बिचारने मनन गर्ने अनि मनन गरेर निर्णय गर्ने काम पनि बिना आत्मा हुन सक्दैन किनकि हाम्रो बुद्धि बिचार आत्मादेव अर्थात् सविता देवले नै प्रेरित गर्छन् गर्हा गायित्री मन्त्रको यो अंशको भावार्थ हो। तर सम्प्रदायक मानिस भन्दछन् "सविता" नाम ईश्वर् को हो - अनि मजहवी ईश्वरनै हामीहरूको बुद्धिको या विचारलाई प्रेरित गर्दछ। अब हेर्नु यो छ कि यदि मजहवी ईश्वरले हाम्रो मष्तिष्क या बिचार-बुद्रिमा गति दिन्थ्यो भने मुर्दा शरीर अथवा मुर्दा मस्तिष्क पनि सोचदथ्यो जस्मा जीव या आत्मा छैन। मुर्दा शरीरमा केवल आत्मा निक्लेर गयो तर ईश्वरत सर्वव्यापक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएकोले मुर्दामा पनि छ । तर यो ईश्वर रहदा रहँ
पनि मुर्दा शरीर नसोच्न सक्दछ, नबिचार गर्न सक्दछ
न बुद्धिको कोहि काम गर्दछ, अतः यो सिद्ध छ कि
शरीरभित्र सोच बिचार अनि बुद्धिको प्रेरित गर्ने वाल
आत्मा हो; ईश्वर होइन । मजहवी मानिसले मजहवी
ईश्वरको शक्ति जीवको अपेक्षा निकै अधिक मान्ने
गर्छन् । यस्तो शक्तिमान ईश्वर जुन शरीरमा वर्तमान
छ, त्यो शरीरको मस्तिष्कमा त अज बढी प्रेरणा
हुनुपर्ने थियो । मुर्दा शरीरको विचार बुद्धि आज धेर
हुनुपर्थ्यो, किनकि उस्मा मात्र एक्लो सर्वशक्तिमान
ईश्वर मात्र छ; जीव छैन । मजहवी मानिसको अनुसार
जीव अज्ञानी र अल्पज्ञ छ । अतः जबसम्म यस्मा जीव
रहन्छ तब यो आफ्नो बुद्धि अज प्रेरित गरेर अज्ञान,
कुविचार, अधर्म अनि पाप तर्फ लान्छ, अनि ईश्वर,
धर्म, ज्ञान, सुकर्म र सद्विचार तर्फ लान्छन् । यो
खिचातानिको काम निर्द्वान्द भएर अधिक सद्बिचार-
सुकर्म र धर्म बुद्धिको काम गर्नुपर्ने तर केहि पनि
भएको हुन्न । यसवाट यो सिद्ध हुन्छ कि हामीहरूको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वुद्धिलाई प्रेरित गर्ने वाला ईश्वर होइन, आत्मादेव हो । महजवी ईश्वर सर्वथा काल्पनिक हो । यदि मजहवी ईश्वर साँचो हुन्थ्यो भने, सर्वब्यापक हुन्थ्यो भने मुर्दामा पनि हुन्थ्यो अनि मुर्दामा रहने वाला भएको कारण कहिल्यै पनि कुनै शरीर अचेतन जड मुर्दा हुन्नथ्यो । कुरा यो होकि जव ईश्वरको अपेक्षा कम्ति चेतना राख्ने वाला जीव या आत्मदेवको व्यापक भएकोले शरीर चेतन रहन्छ त जीवको अपेक्षा अधिक चैतन्य ईश्वर हुँदाहुँदै शरीर कसरी मुर्दा हुन्छ । मजहवी ईश्वर एकदेशी हुनै सक्दैन, सर्वदेशी सर्वव्यापक ईश्वर सिद्ध हुँदैन; ईश्वर मजहवी मानिसले आफ्नो अन्धबिश्वास द्वार कल्पना गरेर मानिराखेका छन् । वास्तवमा मजहवी ईश्वर गदाहको सीग जस्तै अभाव सर्वथा असत्य छ ।

प्रश्न : संसारमा तीन पदार्थ छ; जस्तो प्रकृति, जीवन र ईश्वर । यदि ईश्वर छैन भने संसार कस्ले वनायो । यसको उत्पन्न कसले गर्‍यो ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तर : यदि ईश्वर, प्रकृति र जीव यी तीन छन् त य़ी तीनैलाई कसले बनायो; यी तीन कसले उत्पन्न गऱ्यो ?

प्र. कर्ता : यी तीन अनादी हुन । अनादिलाई बनाउने बाला कोही कसरी हुन सक्छ ? अनादिलाई कोही कसैले उत्पन्न गर्छ ?

उत्तर : ठीक छ । जब तीन तीन अनादि हुन अनि उनलाई बनाउने बाला कोही होइन छैन भने त संसार पनि प्रवाह रूपले अनादि छ अनि यसलाई बनाउने बाला कोही छैन ।

प्रश्न : तर विना बाबुको कसरी उत्पन्न हुन्छ ?

उत्तर : यो तपाई आफै सोच्नुहोस् ?

प्रश्न : किन ?

उत्तर : तपाईंको यत्रो ठूलो ईश्वर जब बिना बाबुको भयो भने उभन्दा सानो संसार यदि बिना बाबुको भयो त आश्चर्य नै के छ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रश्न : कहाँ भयो ? ईश्वरत अनादि हो ।

उत्तर : उसरी नै सृष्टि र सृष्टिक्रम पनि अनादिछ ।

प्रश्न : तर यो कुरा मेरो समजमा आएन ।

उत्तर : तर समजमा आयो कि ईश्वर बिना बाबुको भयो ।

प्रश्न : होइन सन्देहत हुन्छ अनि तपाईंको कुरा युक्ति युक्त मालुम हुन्छ तर हृदयमा बस्तैन किन ?

उत्तर : हृदयमा नबस्ने कारण यो हो कि तपाईं बारम बार यही सुनेर आउनु भयो कि ईश्वर बिना बाबुको हो अनि दुस्रो सबै चीजलाई ईश्वरले उत्पन्न गऱ्यो । यद्यपि यो सर्वथा असत्य छ । ईश्वरले कसैको पनि उत्पन्न गरेनन् । यो सामने आँपको रूख छ यसलाई कसले उत्पन्न गऱ्यो ?

प्रश्न : यो आँपको रूख आँपको बीजले उत्पन्न गऱ्यो ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तर : अनि त्यो आँपको बीज कसले उत्पन्न गऱ्यो ?

प्रश्न : आँपको रूखले ?

उत्तर : फेरि यो रूख कसले उत्पन्न गऱ्यो ?

प्रश्न : आँपको बीजले ।

उत्तर : यसको अन्त कहिले हुन्छ ?

प्रश्न : मालुम हुँदैन ।

उत्तर : यही कुरा हो । बीज पहिले वृक्ष थियो अनि वृक्ष पहिले बीज थियो । सृष्टिभन्दा पहिले प्रलय थियो प्रलयभन्दा पहिले सृष्टि थियो । जस्तो रूख नास भयो तर बीजको नाश हुँदैन अनि फेरी उही बीजबाट वृक्ष हुन्छ उसरिनै प्रलय पनि, यो बिश्व आकाश भित्र सृष्टि । बीजरूपले रहीरह्यो अनि फेरी समय आयो अनि उत्पन्न हुन्दछ ।

प्रश्न : आँपको बीजलाई अङ्कुर रूपमा वदलेर कसले उठायो ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तर : आँपको आत्मा । हेर, यदि आँपको वीजलाई रोपिदियो भने र बीज सजीव छैन भने उसबाट बिरुवा उम्रिदैन । मुर्दा मानिसबाट पनि मानिस उत्पन्न हुँदैन । बीउ छरेर पनि ईश्वर त्यहाँबाट निस्किएर भाग्दैन केवल ऊ बीज सजीव रहदैन । अत: ईश्वरको कल्पना विल्कुल व्यार्थ छ । विना जीवको निर्जीव बीज वा निर्जीव शरीर एउटा बृक्ष या मनुष्य उत्पन्न गर्न सक्दैन, अत: उत्पन्न गर्ने बाला जड संसार होइन उत्पनन गर्ने बाला जीव संसार हो, जीव हो या आत्मा हो । यसैकारण यो गायत्री मन्त्रमा सविता देवको महिमा छ, किनकि सविता देव नै उत्पन्न गर्ने बाला अनि बुद्धि, मस्तिष्क या बिचारलाई प्रेरित गर्ने बाला छ ।

यदि ईश्वर मानिसको बिचार बुद्धिको प्रेरक हुन्थ्यो भने त मनुष्य त्यो काम गर्दैनथ्यो जसलाई पाप भन्दछन् । ईश्वर कसैलाई पाप गराउन सक्दैन, पाप बुद्धि उत्पन्न गर्न सक्ने थिएन । यस्तो कुबुद्धिलाई प्रेरित गर्न सक्ने थिएन जो मनुष्य पाप गर्छन्, अत:

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामीहरूको बुद्धि–विचारको प्रेरक जीवन नै सिद्ध हुन्छ, ईश्वर होइन। यदि सबैको बुद्धिको प्रेरक ईश्वर हुन्थ्यो त कोही मानिस पनि यस्तो कर्म गर्दैनथ्ये जसलाई मजहवी साम्प्रदायकहरू कुकर्म या पाप भन्दछन्, किनकि मानिसले त्यही गर्छ जस्तो उसको बुद्धि निश्चय गर्छ। अतः सविता देवको अर्थ ईश्वर गर्नु सर्वथा ब्यार्थ अर्थको अनर्थ गर्नु हो। मजहवी मनुष्य यो गायत्री मन्त्रद्वारा नित्य बारम्बार प्रार्थना गर्छन् हे ईश्वर तिमी नै हाम्रो बुद्धिको प्रेरित गर्छौं, हाम्रो बुद्धि पाप र कुमार्गबाट हटाउ र सुमार्गमा लगाई देउ। के ईश्वरले तपाईलाई पाप–कुमार्गबाट हटाएर धर्मको सुमार्गमा लगाउन सक्छ ? लगाउन सक्दछ भने प्रार्थनाको प्रतिक्षा किन गर्छ ? कुनै बाबु आफ्नो छोरो कुवामा खस्यो भने खस्नभन्दा पहिल्यै जोगाउछ, खसेर जब छोराले मलाई बचाउ भनेपछि मात्र बचाउछ। बाबु सर्वज्ञ हो, पाप–पुण्य सबै जान्दछ। बाबुले जान्दछ छोरा कता गैरहेछ, तर पनि रोक्दैन, बचाउदैन अनि संसारमा मजहवी मानिसको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कथा अनुसार पाप अधर्मको बजार गर्भी छ अनि मानिस बारम्बार पाप अधर्म गरिरहेको छ । ईश्वर कतै थियो त नभनिकन मानिसको बुद्धिमा यस्तो प्रेरणा गर्थ्यो कि कोही पनि पाप गर्दैनथ्यो । तर उ कहाँ छ ? न भनिकन कसले भन्छ यो गायत्री मन्त्रद्वारा प्रार्थना गरेर पनि प्रार्थीको पाप र अधर्मबाट बचाउन सक्दैन, बचाएको छैन । यदि आर्यसमाजिहरू वा बैदिक मानिसका मजहवी ईश्वरले सबैको बुद्धिको प्रेरक थिए भने मुसल्मान, ईसाइ, जैन, बौद्ध र सनातन धर्मी सबै आर्यसमाजि हुन्थे । सबैले कुरान, इञ्जीललाई छोडेर बेद पढ्न लाग्थ्यो । तर भइरहेको छैन । अत: यो सिद्ध छ कि बुद्धिको प्रेरक जीव हो या आत्मा हो, ईश्वर होइन । यदि बिचार बुद्धिको प्रेरक ईश्वर हुन्थ्यो भने हाम्रो बुद्धि यसरी बदलि दिन्थ्यो कि हामी यस्तो लेख्ने नै थिएनौ । यदि बुद्धिको प्रेरक ईश्वर हो भने सबैभन्दा पाप पनि उही गर्छ फेरि दुस्रोलाई दण्ड किन दिन्छ ? अत: यी ब्यार्थका कुरा छोडेर असली, सच्चा वास्तविक तत्त्वलाई जान्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदमा कहि पनि मजहवी इश्वको वर्णन छैन । प्राचिन समयका ऋषि मुनि मजहवी ईश्वर मान्दैनथ्ये । भारतको आध्यात्मिक ज्ञान नै प्रसिद्ध छ । आध्यात्मिक ज्ञान ईश्वरीय ज्ञान होइन । आध्यात्मिक ज्ञान हो जसको सम्बन्ध आत्मासँग छ । यहाँका ऋषि मुनि जान्दथ्ये आत्मावल कति ठूलो बल छ । यो आत्मा वल अथवा आत्माज्ञानको तत्त्व नजानेरै या 'यसलाई नचिनेरै आज उनै ऋषि मुनिका सन्तानको यो दुर्गती भैरहेछ ? मजहवी किचोडा त भारतमा बाहिरबाट आएको हो । ईश्वरको कल्पन्ना पनि विदेशी हो । यहाँका ऋषि मुनि त यही आत्मालाई ब्रम्हादि नामले विभूषित गर्दथ्ये । यिनै ऋषि मुनिको सिद्धान्तलाई जो मान्दाछन् उनै मुनि हुन अनि उनीहरूको समाजलाई मुनि समाज भनिन्छ । यस्तो सिंहको छोरा सिंह भनिन्छ, स्याल होइन, उसै गरी मुनिका वंश पनि मुनि भनिन्छन्, यिनको समाज मुनि समाज हो दुस्रो हुन सक्दैना । अतः सबैको पक्षपात छोडेर यही सत्यलाई विचार गरी समाजको सदस्य भएर मुनि समाजमा आइ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाल्नुपर्छ अनि नियाम अनुसार दुस्रोलाई पनि ल्याउन प्रयत्न गर्नु पर्छ । यिनै मुनिहरूले बेद मन्त्र बनाएको थियो, मजहवीले होइन । यही सिलसिलामा यो विषयमा अब म आगामी ज्ञान शक्तिमा लेख्दछु ।

गायत्री मन्त्र माथि विचार्दा के याद हुन्छ भने "सविता" शब्द नै प्रधानता छ । प्राचिन समय देखि नै यो प्रथा चलिआएको छ । प्रत्येक मन्त्रको रचियताको नाम छन्दको नाम देवताका नाम मन्त्रको सुरुमा लेखिएको हुन्छ । यो मन्त्रका देवता पनि "सविता" हुन, बिश्वामित्र ऋषि अनि बृहस्पती तथा गायत्री छन्द हो । मतलव योहोकि यसमा 'सविता' देवको उपासनाको अर्थ सँगै बस्नु, नजिक रहनु अथवा आफूसँग नजिक जानु । उप–पूर्वक–आशा उपवेशने" (Tosit) धातुबाट उपाशना शव्द बनिएको हो, यसमा 'सविता' देवको उपासना प्रकट हुन्छद । अब यो सविता देव कुन हो यही यो मन्त्रमा जान्ने बस्तु सनातन धर्म भन्नेहरूले सविताको अर्थ अधिक तर सूर्य देवता गरेका छन् । यसैले जता–जता सूर्य जान्छन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उतैउतै मुख फर्काएर गायत्री मन्त्रको जप गर्छन् । तर यो मन्त्रको सुरुदेखि अन्त्सम्म हेर्दा याद हुन्छ । सविता त्यो हो जसले हामीहरूको मनको, मष्तिष्कको या बुद्धि अनि बिचारलाई प्रेरित गर्दछ । यस प्रकारले सविता देव को हो यस मन्त्रले नै निर्विवाद रूपमा स्पष्ट बताई दिएको छ । के यो शरीरको भित्रको मष्तिष्क गति दिने बाला अनि बिचारलाई जन्म दिने बाला आत्माशिवाय कुनै अर्को हुन सक्दछ ? कहिल्यै हुन्न । 'सविता देव आत्मा देव हो यो पहिल्यै बिस्तार पूर्वक लेखिसकिएको छ । अनि सिद्ध गरिसकिएको छ । के सूर्य पनि मन मतिष्क बुद्धि – बिचारमा गति दिनेवाला हुन सक्दछन् ? कहिलै पनि होइन । यदि यस्तो हुन्थ्यो त मुर्दाको मष्तिष्क सूर्यको साम्ने या घाममा गर्दिदा सोच्न विचार्न लाग्छ अथवा जीवित मानिस सूर्य अस्ताएपछि सोच्न विचार्न सक्दैन ? सूर्यास्त भएपछि पनि मानिस सोच्न विचार्न सक्दछ । तर आत्मा निस्केपछि क्षण भर पनि सोच बिचार गर्न सक्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतः हाम्रो बुद्धिलाई प्रेरित गर्ने वाला वस्तु आत्मा हो, सूर्य होइन ।

आर्यसमाजिका नेताले सविता देवको अर्थ ईश्वर गरे । सत्यार्थप्रकाशमा पनि 'सविता'को अर्थ ईश्वर गरिएको छ, तर कुनै प्रकारले पनि सविता देवको अर्थ ईश्वर हुन सक्दैन यो पहिल्यै लेखि सकिएको छ

आर्य समाजलाई चैलेञ्ज:–

आश्चर्यको बिषय यो छ कि स्वामी दयानन्दले यस कुराको ढोल पिटे कि सनातन धर्मी आदि दुस्रा सम्प्रदायिक मानिसले बेदमन्त्रको अर्थ बैदिक कोष निघण्टुको अनुसार गरेनन् । तर यहाँ हामी (म) बेदमन्त्रको अर्थ बैदिक कोष निघण्टु अनुसार गरेको छौ । अब हेर्नुहवस् जुन बैदिक कोष निघण्टु जान्दैन ति बिचरा सनातन धर्मीले सविताको अर्थ आफ्नो बिचारमा निघण्टु अनुसार गरिरहेछन् किनकि निघण्टुमा सविता शब्दको पर्याय आदित्य अनि सूर्य पनि लेखेका छन्, तर स्वामीजीले जो 'सविता' को अर्थ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईश्वर गरे योत वैदिक कोष निघण्टु भरिमा ईश्वरको लागि चारै शब्द आको छ । जस्तो राष्ट्रि अर्थ, नियुत्यान र यो यो । यो सबै पनि सामर्थ्य वाला र ऐश्वर्यवान पुरुषको लागि हो: साम्प्रदायक ईश्वको लागि यो चार शब्द काहीँ पनि छैन । सत्यार्थ प्रकाशको पनि प्रथम समुल्लासमा लेखेको छ कि "सामर्थ्य वालाको नाम ईश्वर हो" । अस्तु । जेहोस यसलाई यही छोडौँ ।

वैदिककोष निघण्टुमा काँही पनि सविताको अर्थ ईश्वर छैन । म संसार भरिका आर्य्यसमाजिलाई यो कुराको चैलेञ्ज दिन्छु कि 'सविता शब्दको अर्थ ईश्वर पनि छ भने यसलाई वैदिक कोष निघण्टुद्वारा सिद्ध गर । म संसार भरिका आर्य्यसमाजिलाई चैलेन्ज दिइरहेको छु; आफ्नो कुनै पनि पत्रिका (या चिठी) छपाएर बताउनुकि निघण्टुको कुन पृष्ट: कुन अध्याय अनि कुन खण्डमा 'सविता'को अर्थ ईश्वर छ । "सविता मात्र होइन, ब्रम्हा, शिव, बिष्णु अनि रूद्रादि अनेक शब्दको अर्थ जो सत्यार्थ प्रकाशमा ईश्वर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिएको छ उसको अर्थ बैदिक कोष निघण्टुमा ईश्वर छैन, दुस्रै छ । जुन जुन शव्दको अर्थ सत्यार्थ प्रकाशको समुल्लासमा ईश्वर गरिएको छ, उनै मध्य कुनै पनि शव्दको अर्थ वैदिक कोष निघण्टुमा ईश्वर भन्ने छैन । यो मात्र होइन करिव करिव उ सवै शव्दको अर्थ निघण्टुमा दुस्रै लेखेको छ, ईश्वर लेखेको छैन । जस्तै 'सविता' शव्दको अर्थ बैदिक कोष निघण्टुमा दुई स्थानमा छ, एक अध्याय ५ खण्ड ४ मा अनि दुस्रो अध्याय ५ खण्ड ६ मा दुवै स्थानमा यो लेखिएको छ सविता शव्द पदको नाम हो। पद नाम Post को हो या Designation को हो जसलाई पदवी ओहदा भनिन्छ। जस्तै कोतवाल कलेकटर, तहसिल्दार आदि । बैदिक कोष निघण्टु भरमा ईश्वर नामले चार शब्द छन्, जस्तो राष्ट्री, अर्थ, नियुत्वान अनि यति यति । फेरि 'सविता' आदि जति शव्दको अर्थ सत्यार्थप्रकाशमा ईश्वर गरिएको छ उनको अर्थ उनै उनै मान्यको साथ जसमा उही शव्द आएको छ "ईश्वर" गर्दा वस्ता पनि बस्तैन । जस्तो मैले सिद्ध गरेको छु। यदि गायत्री मन्त्रमा आएको सविता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शव्दको अर्थ ईश्वर गरियो भनेत हामी गायत्री मन्त्रको कुनै प्रकारले ठिकसँग बस्तैन । अत: संसार भरिका आर्य्यसमाजिको नाममा हाम्रो चैलेन्ज छ कि स्वामी दयानन्दले बेद मन्त्रको अर्थ बैदिक कोष निघण्टु अनुसार हुनुपर्छ, यस्तो भनेर मानेर पनि उनले आफ्नो सत्यर्थप्रकाशदि ग्रन्थमा जो अनेक शब्दका अर्थ मनमाना ईश्वर गर्दिय, यो भन्दा ठूलो असत्य के होला। मैले यो भन्दा पहिले नै "मुनिसमाज और आर्य्यसमाज" नामको पुस्तक लेखेर यसै प्रकारले चैलेन्ज आर्य्यसमाजको नाममा दिइराखेको छु तर आजसम्म कोही आर्य्यसमाजिले यसको उत्तर दिएर कुनै पत्रमा छपाएका छैनन् । यदि छपाएको छ भने त्यसको एक कपि हाम्रो साथ पठाई देउ । (गोरखपुर मुनिसमाज कार्यलयमा पठाउनु पर्ने) त्यसलाई हामी हेर्दछौ अनि संसारले हेर्न पावस कि आर्य्यसमाजले यसको उत्तर दियो ? हामी (म) मौखिक विवाद गर्न चाहँदैनौ किनकि यसमा सम्प्रदायक मानिस बराबर धाँधली गर्दै आइरहेका छन्, जस्तो कि उनीहरू भन्दछन् यो हेर यी ईश्वर मान्दैनन् ह ह ह ह । ह ह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ह ह हाँस्नाले तत्त्वको बिचार अनि सत्यको निर्णय हुन सक्दैन । हामी दावाका साथ भन्दछौं कि आर्य्यसमाज अथवा कुनै समाजको साथ यसको उत्तर छैन, यसैकारण आजसम्म कसैले मुनि समाजको यो चैलेन्जको उत्तर नदिएको र सबै चुप छन् । सबैले यो चैलेन्ज माथि किंकर्तव्य विमुढ चुपचाप बसेका कुरा यो होकि यो सत्य हो यसको कोही उत्तर छैन । जस्तो कालो कल्चुडे पुरुष (मानिस)को नाम लालचन्द अनि सुन्दरलाल हुन्छ, त्यस्तै प्रकारले आर्य्यसमाजिको 'मिथ्यार्थ प्रकाश'को नाम सत्यर्थ प्रकाश छ ।

हठ दुराग्रह अनि पक्षपात छोडेर बिद्वानले सोच्न चाहियो आफ्नो भित्र मनबाट साम्प्रदायिकता त्यागेर निकालेर निष्पक्ष अनि स्वतन्त्र बनौ अनि स्वतन्त्र मानिसको समाज मुनि समाजमा आएर अत्यान्त सत्यको पत्ता लगाएर उस सत्यलाई धारण गरु तब साँच्चो मुक्तिको आनन्द उठाउदै सचमुच जीवन मुक्त हुन सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अध्याय ५

बेद मन्त्रका रचयिता

यो लेखमा मैले जे सिद्ध गर्नुछ गायत्री मन्त्र बाटै सिद्ध गर्नुपर्छ, किनकि यो वेला गायत्री मन्त्रकै व्याख्या गरिरहेको छ । मुनिसमाजको यो सिद्धान्त छ कि वेदका बिभिन्न मन्त्रको रचियिता ऋषि मुनि हुन: मजहवी ईश्वर होइनन् । गायत्री मन्त्रद्वारा मुनिसमाजको यो सिद्धान्तको पनि पुष्टि भैरहेको छ । गायत्री मन्त्रको अर्थलाई विचार गर्दा त्यो सर्वथा स्पष्ट हुन्छ कि वेदका यी मन्त्रका रचयिता मनुष्य थिए; मजहवी ईश्वर होइन । (१) हेर्नुहोस्, यही गायत्री मन्त्रमा भनिएको छ कि "य: न: धिय: प्रचोदयात" जो हाम्रीहरूको बुद्धि या बिचारलाई प्रेरित गर्दछ । मजहवी ईश्वर एक हो । दुई, चार वा दश छैन । तर यस मन्त्रका रचयिताले भनिरहेका छन् कि (धियो यो न: प्रचोदलयात्) जो हामीहरूको बुद्धिलाई प्रेरित गर्दछ । "न:" यो अस्मद या (अहम्) हम (म) शब्दको षष्ठी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विभक्तिको वहुवचनको रूप हो । एक वचनमा 'नः' कुनै प्रकारले हुन सक्दैन अनि मजहवी ईश्वर कैले आफ्नो वहुवचनमा भन्दछ, भन्दैन किनकि ऊ विल्कुल एक मात्र छ, दुई चार छैन । 'नः' को अर्थ हामीहरूको । मजहवी ईश्वर जो नितान्त रूपले एकै छ आफ्नो लागि हामीहरूको भन्न सक्दैन । "जो हामीहरूको वुद्धिलाई प्रेरित गर्दछ" यस्तो भन्दछ भने मनुष्य नै भन्न सक्दछ, जो अनेक छन्, मजहवी ईश्वर यस्तो भन्नै सक्दैन । 'नः' जसको अर्थ हामीहरूको छ यो पनि छोडेर अब पुरै गायत्री मन्त्रको अर्थलाई विचार गरूँ । पूरा मन्त्र अनि अर्थ निम्नलिखित प्रकारले छ –

तत्सवितुर्वरेण्यं भर्गोदेवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

अर्थ : उस सविता देवको बरेण्य अर्थात् चुन्ने योग्य उत्तम तेजलाई हामी धारण गर्दछौं या ध्यान गर्दछौं जो तेज या जो सविता देव हामीहरूको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धिलाई प्रेरित गर्दछ । के यस किसिमले ईश्वर भन्न सक्दछ ? के ईश्वर भन्न सक्दछ कि म सविता देवको वरेण्य तेजको ध्यान गर्दछु ? के सवितादेव अनि उसको ईश्वर पनि धारण गर्दछन् ? के ईश्वरको बुद्धि या बिचारलाई कुनै सवितादेव प्रेरित गर्दछन् ? यदि ईश्वरको बुद्धि विचारको पनि प्रेरक सविता देव हो या सवितादेव ईश्वरभन्दा पनि ठूलो हो । त्यसो भए यो महजवी साम्प्रदायको ईश्वर सिद्ध हुँदैन, किनभने मजहवी मानिसको अनुसार ईश्वरभन्दा ठूलो कोही छैन, गायत्री मन्त्र बनाउने बाला यदि ईश्वर नै हो त उ यस्तो छ, जो अनेक छ एक होइन, अनि उसको वुद्धि सविता देवले प्रेरित गर्दछ । यसैले यहाँ हामी (म) भन्दछौ प्राचिन समयमा मुनिहरू, ज्ञानी अनि योगीले जीवलाई नै ईश्वर भन्ने गर्दथे अनि यस्ता मनुष्यहरूले जसलाई ऋषि मुनि भन्‍न्ये वेदको रचना गरेका थिए मजहवी ईश्वरले बनाएको वेद होइन ।

यदि गायत्री मन्त्र ईश्वरले बानाएको भए, भन्ने थिए हे मनुष्यहरू हाम्रो (मेरो) नाम सविता देव हो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मेरो तेज निकै श्रेष्ठ र उत्तम छ यसैको ध्यान गर्ने गर। हाम्रो यही तेज तिमीहरूको वुद्धि बिचारलाई प्रेरित गर्दछ। यो स्पष्ट छ यो मन्त्र बनाउने ईश्वर भएको भए मानिसको लाागि भनिन्थ्यो, के सर्वज्ञ ईश्वरको यति पनि ज्ञान थिएन कि "हामीहरूको" ठाउँ "तिमीहरूको" भन्ने थियो। तर मन्त्रमा साफ छ कि "हामी (म) सविताद देवको वरेण्य तेजको ध्यान गर्दछौं, जसले हामीहरूको बुद्धिलाई प्रेरित गर्दछ।" यस्तो कुरा ईश्वर कसरी भन्न सक्छ?

यो भन्दा उता यदि ईश्वरै सबैको बुद्धिलाई शुभ कर्ममा प्रेरित गर्ने वाला हो त मानिसलाई राम्रो काम गर्नको लागि वेदको उपदेश दिन के आवश्यक थियो। जब राम्रो काममा सवैको बुद्धिको प्रेरित गर्ने छ त ईश्वरभन्दा बढेर आज ठूलो त जीव होइन, अशुभ कर्म र पापतर्फ गैहाल्छ। जव ईश्वर नै सवैको वुद्धिको शुभ कर्म तर्फ लाने वाला हो त सबैको वुद्धिको शुभ कामपटी लिएरजान्छ भने जीवलाई यो वुज्न केको आवश्यकता? एउटा कुरो अर्को छ यदि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उही सबैको बुद्धि–विचारलाई राम्रो काम पटि लाने बाला भए मानिसको बिचार अशुभ पापतर्फ किन जान्छ, जो प्रत्यक्ष छ । मानिस आफै भन्दछन् कि अधिक मानव आफ्नो बिचार पापतर्फ लान्थ्ये त ? यदि ईश्वर सबैको बुद्धि र बिचारका प्रेरक भएको भए मानिसको बिचार पाप पटी जाँदैनथ्यो । तर मानिसको बुद्धि पाप पटि धेरै जान्छ यस कारण यो निश्चित छ मानवको बुद्धि–बिचारको प्रेरक ईश्वर होइन । फेरी, यो गायत्री मन्त्रलाई बनाउने ईश्वर भए यस्तो असत्य कुरा किन भन्द थियो । ईश्वर मिथ्या भन्दै भन्दैन, यस कारण यो मन्त्र बनाउने बाला ईश्वर हैन । ऋषि मुनि हुन ।

सविता देव आत्मालाई भनिन्छ, यो मन्त्र रचना गर्नेले भनिरहेका छन् आत्मा देवले हामीहरूको बुद्धिलाई प्रेरित गर्नु हुन्छ । यो ठीक हो अनि यही सत्य कुरा मुनिहरूले भनेका छन् । 'सवितादेव' यही आत्मा देवको नाम हो । मन्त्रमा भनिएको छ कि यो आत्माको तेज सवैभन्दा श्रेष्ठ छ अनि यसैको हामीहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ध्यान गर्दछौ र यसैले हामीहरूको बुद्धि विचारलाई प्रेरित गर्दछ । यही ठिक अर्थ छ । यसलाई हामीले सिद्ध गरिसकेका छौं । अब आफै सोचौं के ईश्वर यस्तो भन्न सक्छ आत्माको तेज सर्वश्रेष्ठ छ उसैको ध्यान गर्छु अनि यही साँचो बुद्धिको प्रेरक हो । यदि आत्मा नै सर्वश्रेष्ठ छ अनि ईश्वर पनि ध्यान गर्छन् भने मानिसले ईश्वरको ध्यान किन गर्नु, उसलाई किन मान्नु । के ईश्वर आफ्नो बिरोधमा यस्तो कुरा भन्न सक्दछ ? सक्दैन । अत: गायत्री मन्त्र ईश्वरले बनाएको हुन सक्दैन ।

गायत्री मन्त्रको अर्थ जो मैले गरेको छु, यदि यसलाई नमानेर मजहवीहरूको मान्ने हो भने उनीहरूले यो अर्थ लगाउँछन् 'सवितादेव' ईश्वर हो अनि हाम्रो श्रेष्ठ तेजलाई धारण गराउछन् बुद्धि र विचारलाई प्रेरित गराउँछन् । यदि गायत्री मन्त्रको यो अर्थ हो भने सर्वथा मिथ्या कुरा भनियो, मानिसको बुद्धि विचारको प्रेरक ईश्वर भएको भए मानिस पापतर्फ जान्नथ्यो । मजहवी कै विचार अनुसार बुद्धि–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विचार धेरै पाप पटि जाँदछ । यदि मन्त्रको यही अर्थ हो भने सर्वथा असत्य मिथ्या भनियो जो ईश्वर गर्न सक्दैन । हाम्रो भनाईको मतलव हो, मन्त्रको अर्थ मजहवी कै अनुसार मान्ने हो भने मन्त्रका रचियता ईश्वर सिद्ध हुँदैनन् । कुनै प्रकारले पनि सिद्ध हुन्न । मन्त्र भन्ने बाला ईश्वर हैन भने वेदको रचनाकार ईश्वर कसरी सिद्ध हुन्छ ? वेद रच्ने ईश्वर होइन । यसका मन्त्र बिभिन्न ऋषिले बनाएका (रचेका) हुन । यी विभिन्न ऋषिको विभिन्न मन्त्र माथि भनिएको छ, आजसम्म मन्त्रमाथि उनीहरूले लेखेको चल्दै आएको छ, तर स्वामी दयानन्दले सत्यार्थ प्रकाशको सात समुल्लासमा लेखेका छ कि –

"जुन जुन मन्त्रार्थ को दर्श जुन ऋषि भयो .... उस–उस मन्त्रको साथ ऋषिको नाम सम्जनाको लागि लेखिदै आएको छ । जो ऋषि मन्त्रकर्ता भनिन्छ उनलाई मिथ्यावादी सम्जु । उनीहरू चै मन्त्रको अर्थ प्रकाशक थिए ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वामी दयानन्दले भनेका छन् कि ऋषिहरू मन्त्रकर्ता भनेमा मिथ्या वादी सम्जनु राम्रो कुरा हो। तल म वेदको एक मन्त्र दिदैछु जसमा स्वयाम वेदले भनेको छ ऋषिहरू मन्त्रकर्ता हुन्। ऋग्वेदको मण्डल ९ सूक्त ११४ मन्त्र २ हेर्नु होस्। यसमा भनिएको छ कि –

ऋषे मन्त्रकतां स्तोमैः कश्यपोद्वर्धयन् गिरः– ऋ ९/११४/२ हे कश्याप (ज्ञान पुरुष) मन्त्र रचने बाला ऋषि स्तोमोले बाणिलाई बढाई रहु। यो मन्त्रमा स्पष्ट रूपमा ऋषिहरूलाई मन्त्रकृत (मन्त्राकार) शब्द आएको छ। फेरी –

शिशुर्वा अङ्गिरसां मन्त्रकृतां मन्त्रकृदासीत्। स पितृन पुत्रका इत्यामन्त्रयत्। ता. ब्रा. १३/३/२४

अर्थ : अङ्गिरस शिशु (मन्त्रकारोमे मन्त्रकृतो मे उत्तम मन्त्रकृत था) उनले आफूभन्दा बुढा मानिसलाई पुत्र (छोरा) भनेर पुकारे, बोलाए। मन्त्रकृतो वृणीते। यथर्षि मन्त्रकृता वृणीत इति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विज्ञायते । आप. श्रोत सू २४/५/६ श्रोत सूत्रमा मन्त्रकृत ऋषिको वरण गर्ने कुरो छ । त्यो यदि सृष्टि आरम्भ कालमा ईश्वरले बनाएको भए मन्त्रकृत ऋषिको वरण कसरी हुन्थ्यो अनि श्रोत सूत्र जस्तो प्रमाणित ग्रन्थमा ऋषिलाई मन्त्रकृत कसरी भन्दथ्ये !

नम ऋषिभ्यो मन्त्रकृद्भ्यो मन्त्रपतिभ्याः ।

तै. अ. ४/१/१

अर्थ मन्त्रका मालिकहरू र मन्त्र रच्नेवाला ऋषिहरूलाई नमस्कार छ । यस प्रकारले अनेक अत्यान्त प्राचिन अत्यान्त प्रतिष्ठित ग्रन्थमा पनि ऋषिलाई मन्त्राकार या मन्त्रकृत भनिनएको छ । स्वामि जीले कस्तो भने कि मन्त्रका ऋषि मन्त्रकार या मन्त्रकृत होइनन्, अर्थ प्रकाशक हुन, यस्तो स्वामी भन्दा अरूले भनेनन् । स्वामी जी ले स्वयाम यस्तो कुनै प्रमाण दिएनन् जसमा कुनै अर्को ऋषि मुनिले पनि मन्त्रको, ऋषिहरूको मन्त्रलाई अर्थ प्रकाशक मानेको छ । यो असत्य सिद्धान्त स्वयं स्वामीजीले आफ्नो कुराको पुष्टि गर्नलाई लेखिदिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अव म स्वामिजीलाई सोध्न चाहान्छु कि के वेदका रचयिता पनि मिथ्यावादी सम्जु ? ब्राम्हण ग्रन्थको पनि स्वामीजीको असार वेदको अङ्ग हो अनि सनातन धर्मावलम्वीहरूको अनुसार वेदनै हो मिथ्यावादी सम्जु । स्वामीजीले वेद शास्त्रको बिरुद्ध मन्त्राकार ऋषिहरूलाई अर्थप्रकाशक गरेर वहुत ठूलो मिथ्या कुरा लेखेको छ । गायत्री आदि सहस्र मन्त्रको अर्थ बिचार गर्दाखेरी स्पष्ट याद हुन्छ कि मन्त्रका रचियता ईश्वर होइनन्, ऋषिहरू थिए । यो सबै कुरो र प्रमाण हुँदा हुँदै पनि स्वामीजीले ऋषिहरूलाई वेदको अर्थ प्रकाशक अर्थात् अर्थ गर्ने वाला एक अनुवादक मात्र मानेर मन्त्राकार ऋषिहरूप्रति बहुत ठूलो कृतघ्नता गरेका छन् । स्वामीको बिचारमा जुन मन्त्र माथि ऋषिको नाम छ त्यो मन्त्र अर्थ गर्ने वाला ऋषि हुन । अथवा थिए । अर्थ प्रकाशक या अनुवादक थिए । के संसारमा कही यस्तो भएको कि वाहाँ अर्थ नहोस्, त्यो पुस्तकमा या उसलेखमा नहोस पुस्तक माथि या लेख माथि अर्थ प्रकाशक या अनुवादको नाम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छापिन्छ ? सुन्नुहोस् त, कही कसैले यस्तो देखेको या सुनेको छ कि लेख माथि लेखकको नाम छैन किन्तु अनुवादकको नाम छ। जबकि त्यो लेख कुनै लेखको अनुवाद नहोस। मन्त्र माथि लेखकको नाम छैन उसमा अर्थ प्रकाशकको नाम छ। खूब ! खुव !! यही नयाँ सोचाईको लागि शायद आर्य्यसमाजिले तपाईलाई महर्षिको उपाधि दिएको थियो। अर्थ प्रकाशकको नाम छ तर यी ऋषिले यो मन्त्रको अर्थ के गरेका थिए यस्को कुनै पत्तै छैन। मन्त्रको साथमा जब ऋषिले गरेको अर्थको माथि हुन्छ। अर्थ छँदैछैन अनि मन्त्र माथि जुन ऋषिको नाम छ उनलाई अर्थ प्रकाशक भन्नु कति ठूलो अन्याय हो। यसमा पनि मानिस स्वामी जीलाई सत्यवादी सम्झे र जो सत्य भन्छन् उसलाई मिथ्या बादी सम्झे। के स्वामी जी को यो प्रकारको घोर अन्यायमा बिद्वान मानिसले कहिल्यै विचार गरे। पुस्तक माथि या लेख माथि जसको नाम छ त्यो लेखकको नाम होइन, त्यो त त्यसको अनुवादको नाम हो, स्वामी जी को यही मतलव हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खूब ! लेखको अनुवाद होइन केवल लेख मात्र हो उही लेखमा लेखकको नाम छ तर स्वामी जी भन्दछन् यो लेख होइन, किन्तु यिनको नाम मन्त्र माथि यस कारण छ यिनीहरूले यसको अर्थ जानेको थियो । यी अर्थ प्रकाशक हुन् । अब आफै सोचौ आफ्नो मिथ्या मत सिद्ध गर्नको लागि स्वामीजीले कति नचाहिदो कुरा लेखे, कस्तो बिना टाउको र खुट्टाको हो भने । भन्दथ्ये ऋषि मन्त्रका द्रष्टाथ्ये । ज्ञानमय मन्त्रको ज्ञान पत्रको पृष्टमा लेखिएको थिएन त ऋषिहरूले आफ्नो मष्तिष्कमा ज्ञान दृष्टिले प्रत्यक्ष गरे होलान । तमाम मौलिक ग्रन्थका रचियताले, ग्रन्थकर्ताले पहिले त्यो ज्ञानको जुन पुस्तकको रूपमा लेखेका छ्रन्, आफ्नो मनमा प्रत्यक्ष गरेहोलान अनि पछि लेखे होला । अत: तमाम मौलिक ग्रन्थका रचयिताले आफ्नो मनमा नै, उस ज्ञानलाई बृद्धिले प्रत्यक्ष गर्दछन् या हेर्छन् तब कही लेख्दछन् । अत: तमाम ग्रन्थकर्ता आफ्नो उ ज्ञानको द्रष्टा पनि हुन ज़सले आफ्नो ग्रन्थमा लेखवद्ध गरी दियो । प्रत्येक मौलिक पद्ये या लेखकका रचयिता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उसका द्रष्टा पनि हुन। जुन मन्त्र को जुन ज्ञानको जुन ऋषिले प्रत्यक्ष गरेका थिए उही नै मन्त्रको द्रष्टा अनि रचयिता हुन्। आर्य्यसमाजिहरू, सनातन धर्मिहरू अनि भारतका करिब करिक सबै धर्मिका अनुसार बेद नै सबै धर्म र धर्मग्रन्थको मुल हो अनि बेदमन्त्रका रचयिता मुनिका समूह (हुल) मुनिको समाज या दल हुन्। मुनि समाज नै तमाम धर्मको मुल हो। वेद-बैदिक धर्म सवै धर्ममा पुरानो हो मुनिसमाजको सिद्धान्त वेदभन्दा धेरै पुरानो हो। वेदका सबै मन्त्र मुनिहरूले बनाएका हुन अनि यी तमाम मन्त्रबाट यो सिद्ध हुन्छ कि ईश्वर अनि ब्रम्हादि नाम आत्माको हो आत्मावल मुनिका दृष्टिमा सबैभन्दा ठूलो बल थियो।

मजहव, सम्प्रदायक अनि यिनीहरूको ईश्वर भारतका मानिसले बाहिरका मानिसको वहकावमा आएर मान्न लागेथ्ये। बाहिरको मजहवी प्रभावको कारण नै भारतीयले मजहवी ईश्वर मजहवी ग्रन्थ देवी, देवता, भूत, प्रेतको रचना गरे अनि आफ्नो पुरानो साँचो आध्यात्मिक ज्ञान भूले। कुशल यो छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कि यहाँका वाहुन आज पनि गायत्री मन्त्रको प्रतिष्ठा गर्दैछन् । अत: यो गायत्री मन्त्रको जो अर्थ गरिएको छ उसको विचारलाई तपाई स्वयाम गर्नु होस् त यो याद हुन्छ तमाम मजहवी ज्ञान कल्पित अनि मिथ्या छन् । मुनिको समाज साँचो सिद्धान्तको पहिले मान्दथ्ये, त्यो साँचो सिद्धान्तको आज पनि मुनि समाज भनिरहेको छ । यदी तपाईसँग धन छ भने, यदि तपाईसँग विघ्या छ भने, यदि तपाईसँग बुद्धि छ भने अनि तपाईसँग वल छ भने यही सत्य ज्ञानको प्रचारमा जति सक्नु हुन्छ लगाउनु होस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अध्याय ६

प्रणवको महिमा

गायत्री मन्त्र भन्ने बेला मानिस प्रणव लगाउछन्। धेरै मानिस प्रणव लगाएर नै गायत्री मन्त्रको जप गर्दछन; जस्तै :

ओ३म् भूर्भुवः स्वः । तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ॥

अन्वयपूर्वक पदच्छेद:-

सवितुः । देवस्य । भूः । भुवः । स्वः । भर्गः । तत् । वरेण्यं । ओम धीमहि ।
यः । नः । धियः । प्रचोदयात् ।

अन्वययुक्त शब्दार्थ:-

सवितुदेवस्य = सविता देवको (सविताको अर्थ पहिलै भएको छ)

भूः = प्राण, (पहिल्यै उल्लेख भएको छ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भुवः = अपान, (यस्को पनि प्रमाण दि सकेको छ)

स्वः = व्यान (अनि) यसको पनि पहिले लेखिसकेको छ ।

भर्गः = तेज (युक्त)

तत् = उस ।

वरेण्याम् = वरण गर्न योग्य या चुन्न योग्य (यो पनि उल्लेखमा छ)

ॐ = प्रणवको

धीमहि = ध्यान गर्दछौं (छु) या धारण गर्दछौ (छु)

य = जो

नः = हामीहरूको

धियः = बुद्धि या विचारलाई

प्रचोदयात् = प्रेरित गर्दछ (या तिष्ण अनि स्वच्छ गर्दछ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ

सविता देवको प्राण, अपान, ब्यान अनि तेजयुक्त उस वरण गर्न योग्य (या चुन्न योग्य) ओ३म् को ध्यान गर्दछौं (छु) या ॐ लाई धारण गर्छु अर्थात् ॐको उच्चारण गर्दछौं (छु) या जप गर्दछौं (छु) । जसले हामीहरूको (मेरो) बुद्धि या ज्ञानलाई प्रेरित गर्दछ, बढाउँछ या स्वच्छ गर्दछ ।

प्रणवको महत्त्व

यो लेख भन्दा पहिल्यै मैले गायत्री मन्त्रको अर्थ ज्ञान शक्तिमा बिस्तार पूर्वक गरिसकिएको छ । अब त्यो अर्थ मिलाएर हेर्नु होस् एक ॐ लाई यसमा मिलाउँदा ठूलो भेदा हुन गयो । पहिलाको गायत्री मन्त्रमा जसमा ॐ (प्रणव) लगाएको थिएन उसमा आत्मा देवको अपार महिमा वर्णन गरिएको छ । तर यो मन्त्रमा ॐ लगाउँदा सविता देवको अर्थात् आत्मादेवको ॐ शब्दको महिमा छ । शब्द त शब्दै हो, यो उच्चारण गर्दा प्रत्यक्ष हुँदछ । ॐ यो शब्द हो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनि शव्दमय भएकोले रूप रहित छ; अरूप छ, अक्षर हो । ओ३मको यो अक्षरवद्ध रूप चाहे ॐ यस्तो होस् या (ओ३म) यस्तो होस् सबै कल्पित हुन् । जुन अक्षरलाई हामी वोल्दछौं यदि ति सवैको सचमुच उस्तै वाङ्गोटिङ्गो रूप होस्, उनको समूहको शव्द वनाएर उच्चारण गर्ने वाला निश्चय घाँटीमा अडकियोस् । अक्षर त अक्षर हो, अरूप हो, यसको प्रत्यक्ष कर्मेन्द्रियद्वारा हुन्छ; आँखाबाट होइन । यसको उच्चारण एउटा बिशेष आसनमा स्थित भएर अनि आँखा बन्द गरेर एउटा बिशेष विधिले गरिन्छ यसको उच्चारणको ठीक बिधि जो जप गर्दियो, ध्यानपूर्वक गर्न गयो भने यो ओ३म् को उच्चारण मात्रले योगको यम, नियम, आसन प्राणायाम, प्रत्याहार, धारणा, ध्यान अनि समाधी यी आठ अङ्गको राम्रो सँगले पालना हुन जान्छ अनि मनुष्य यो ॐ को ठिक बिधिले जप्दा जप्दै २५/३० मिनेटमा नै समाधिस्थ भएर फरक पदको प्राप्ति गर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रणवद्वारा प्राणायाम

मानिस नाक (हातले) दवाएर प्राणायाम गर्ने बेला ओ३म्‌को उच्चारण मनमा गर्ने गर्दछन् अनि यही ओ३म्‌को उच्चारणको समयको सङ्ख्या गरेर आफ्नो प्राणायामको समय या मात्रा (गन्तीं) लाई नियत गर्छन् । नाक थुनेर वा दयाएर ओ३म् गर्नु हुन्न, साँचो कुरा त यो हो ठीक बिधिले ओ३म्‌को उच्चारण गर्नाले प्राणायाम आफसेआफ हुन जाँदछ । आफूले नरोकि आफसे आफ प्राण रोकिन्छ, अनि फेरि भित्र नै आफसे आफ आफ्नो निज (म) मा ओ३म् भइरहन्छ जसलाई आफ्नो आत्माले सुन्न सक्दछ, किनकि त्यो आत्मा ओ३म् हो । यसैको नाम नै ओ३म् हो । बालकले पनि आफूलाई चिनाउँदा (त्यो बेला अम् अम् अम् भन्दछन्) ठूलो भए पछि आफूलाई चिनाउँदाको बेला (हम) अथवा (म) भन्दछन् । वेहोसी अवस्थामा या सुतेर विउजिंदा पनि ॐ गर्दछन्, त्यही ॐ हो उही ॐ हो, खाना खाएर खुव सन्तुष्टपूर्ण भएको बेला डकारन सक्छ मानिस त्यतिवेला (ढ्याउब गर्दा पनि ॐ हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसको उच्चारण विधि ठीक भयो यसको चिन्ने विध यही हो कि जब उच्चारण मात्रले योग को आठै अङ्गको पालन हुन्छ भने जान्नु पर्‍यो कि यसको उच्चारण ठीक भैरहेको छ । जब यो ॐ को उच्चारणले मात्र समाधि लाग्यो । (अथवा लाग्न लाग्यो) तब जान्नुहोस् अब ॐ को उच्चारण हुँदैछ । जुन बिधिले ॐ को उच्चारण गर्दा गर्दै आफूभित्र शान्ति अनि ब्रम्हानन्दको लहर उठन् लाग्यो अब जान्नुहोस् तब उच्चारण ठीक भैरहेछ । यही हो पहिचान । आफ्नो गुरु जति नै ठूलो होस् (हुन्) तर उनले बताएको विधिले ॐको उच्चारण गर्दा पनि योगको आठ अङ्गको पालन हुँदैन अनि मनमा एउटा अद्भुत सुख शान्ति र ब्रम्हानन्दको स्वाद आएको छैन भने जान्नुहोस् तपाईंका गुरूले ॐको उच्चारणको विधि जो भनेको (बताएका) थियो त्यो असुद्ध छ, यसको उच्चारणको ठीक ठीक विधि जान्नलाई तपाई म सँग मिल्नुहोस् (अहिले मु.स. गोरखपुर) । विना म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सग सिकेर यो ॐको उच्चारण ठीक विधि तपाईंलाई मिल्न सक्दैन ।

महामन्त्रको उच्चारणको बिधि

यो ब्रम्हानन्दलाई दिनेवाला, यो शान्ति सुख दिने वाला अनि यो योग पदमा पुऱ्याउने वाला ओ३म् को उच्चारणको बिधि लेखेर बताउन (भन्न) असम्भव छ; यो त अगाडि बसेर (सामुन्ने) नै बताउन (सिकाउन) सकिन्छ अनि मात्र सिक्न सकिन्छ । अत: यसको उच्चारण सिक्नको लागि तपाई हाम्रो साथ (या गुरु कोहीहोस्) आउनु पर्दछ । अनभिज्ञ व्याक्ति तर जिज्ञासु भए यो शिक्षा बिस्तारो दिइन्छ । तर यो उपदेश पाउने तपाईं अधिकारी हो होइन किनकि अनधिकारी भए दिनु हुन्न (दिइदैन) । ....

योगको अष्टाङ्गको पालना –

यदि महामन्त्र योगको अष्टाङ्गको पालना महान हो । यसको उच्चारण गर्नु बिनायोग्यं सद गुरुसँग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नसिकि, दिक्षा न लिईकन आउदैन, यसको शिक्षा करिव २ घण्टामा पूरा हुँदछ, दुवै घण्टामा सप्रमाण युक्तिपूर्ण वैज्ञानिक तथ्यले सिद्ध गराईन्छ यो पनि प्रत्यक्ष र स्पष्ट रूपमा सिद्ध गराइन्छ कि यसको उच्चारण मात्र ले योगको अष्टाङ्गको पालमा हुँदछ । यो पनि सिद्ध गरिन्छ कि यसको उच्चारण मात्रले कसरी प्राणायाम पनि हुन्छ अनि भित्र शान्तिको लहरतर्फ ब्रम्हानन्दको छाल उम्लन लाग्दछ । भनेर सिद्ध गर्न मात्र होइन अभ्यास पनि गराइन्छ । सामन्ने बसाएर (वार–वार) फेरि फेरि उच्चारण गरेर ठिक उच्चारण सिकाइन्छ, बताइन्छ ।

प्रणवद्वारा स्वास्थ्य

प्रणवको उच्चारणले शरीर भित्रको रक्षक जीवाणु र रक्ताणु आलस्य छोडेर सचेत, सतर्क, ससक्त, सवल अनि स्वस्थ हुँदछन् । मष्तिष्कको सिथिल भएका कोष्टक, दल या सेल्स विकसित, संशक्त र सचेतन हुँदै जाँदछन् । यसवाट स्वास्थ्यसँगै बुद्धि पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तीक्ष्ण, स्वच्छ, पवित्र र बलवान हुन्छ जसले गर्दा मानिस आत्मज्ञानको चिन्तन गरेर जीवन मुक्त र स्वतन्त्र हुँदै परम पदमा पुग्छ । यही कारण हो कि वेद, शास्त्र पुराणादि सबै प्रणवको महिमा गाइरहेको छन् ।

प्रणवको महत्त्व।

यजुर्वेदको तैत्तिरीयोपनिसदमा भनिएको छ –
ओमिति ब्रम्ह ..... ओमिति ब्राम्हण: प्रवक्ष्यान्नाह ब्रम्होपाप्नवानीति
ब्रम्हैवोपाप्नोति ॥ वल्ली १/अनु ८/मन्त्र १ ॥

अर्थ ओ३म् ब्रम्ह हो । ओ३म् यस्ता ब्राम्हणहरूले उच्चारण गर्दै भन्दछन् कि म ब्रम्ह प्राप्त गरू (अनि यसले) निश्चय गरेर ब्रम्ह प्राप्त गर्दछन् मतलव यो हो कि ब्राम्हणहरू ओ३म को ठिक उच्चारण या जप यस्तो राम्रो सँग गर्छन् कि जसमा हामीहरू ब्रम्हलाई प्राप्त गर्न सँकु/सचमुच निश्चय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेर ऊ ब्रम्हलाई यो प्रणवद्वारा प्राप्त गर्दछन् । वेदको यो बचन वहुत स्पष्ट छ ।

अथर्वेदको माण्डुक्यो पनिषद्को आरम्भमै भनिएको –

ओमित्येतदक्षरमिदं सर्वभ् ।

अर्थ : यो ओ३म् अक्षरनै सवैथोक हो । यसै प्रकारले सामवेदको छान्दोग्यो पनि षद् मा पनि भनिएको छ ।

ओमकार एवेंद सर्वम् (छा अ २ स्व. २३ ।)

यो ओ३म कार नै सवैथोक हो किनकि (ओमिति ब्रम्ह १/८/१) यो ओम नै व्रम्ह हो अनि (अयमात्मा ब्रम्ह, माण्डूक्योपनिषद्) ब्रम्हनाम यो आत्मा को हो । आत्माभन्दा अर्को केही छैन, किनकि मजहवी ईश्वरको अभाव छ र संसार काल्पनिक छ ।

यजुर्वेदको कठोपन्षिद्मा भनिएको छ –

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वे देवा यत्पदमामनन्ति तपांसि सर्वाणि च यद्वदन्ति । यदिच्छन्तो ब्रम्हचर्यं चरन्ति सत्ते – पदं संग्रहेण ब्रवीम्योमित्येतत् । कठ १/३/१५

अन्वयपूर्वक शब्दार्थ

सर्वे देवा: = सबै देव
यत् पद्भ् = जुन पद या शव्दको
आमनन्ति = वर्णन गर्दछु
च यदिच्छन्त: = अनि जसको इच्छा गर्दै गरेर ।
सर्वाणि = सबै प्रकारको
तपांसि = तप (र)
ब्रम्हचर्य्याम = ब्रम्हचार्य (आदि)
चरन्ति = (मानिस) गर्दछन् (म)
ते = तपाईको लागि या (तिमीको)
तत् = उस
पदम् = पदको (या शव्दको)
संग्रहेण = सक्षेपले
ब्रवीभि = भनिरहेको छु (क)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यतत = त्यो
ओ३मिति = ओम यस्तो छ ।

मन्त्रार्थ

सवै वेद जुन पद अर्थात् शव्दको वर्णन गर्दछन् अथवा (या) जुन शव्द को महिमा गाउँदछन् अनि जसको इच्छा गर्दै सवै प्रकारको तप र व्रम्हचार्यादि गर्दै जान्छन् । हामी तिमीले उस शव्दको सङ्क्षेपमा भनिरहेको छ, उही शव्द ओम यस्तो छ । हेर्नुहोस् वेदमा ओमको कति ठूलो महिमा छ । अथर्ववेदको प्रश्नोपनिषद्मा भनेको छ - एत द्वै सत्यकाम परञ्चापरं च ब्रम्हा यदोङ्कर: । प्र.५म २॥

शब्दार्थ

सत्यकामा = हे सत्य कामं
एतत् = यो
वै = निश्चय गरेर
यत् = जो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परमच = पर अनि
अपरंम् = ब्रम्हा (वह)
ओमकार = ओमकार हो ।

मन्त्रार्थ

हे सत्यकाम यो निश्चय गरेर जो पर र अपर ब्रमह छ – यो ओमकार हो ।

सामवेदको छान्दोग्येपनिषद्को अध्याय १ खण्ड ४ को मन्त्र ४ लाई हेर्नुहोस् जसलाई यहाँ तल दिइदै छ –

यदा वा ऋचमाप्नोत्योत्येपतिस्वरत्येवं साभैव यजुरेष स्वरो यदेतदक्षरमेतद्मृतमभयं तत्प्रविश्य देवा अमृत अभया अभवन् ।१/४/४४ ॥

मन्त्रको भावार्थ

ऋग्वेदको मन्त्र जब कोही भन्दछन् त्यो ओमलाई पहिलो भनेर नै भन्दछन् । यसै प्रकारले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सामवेदको मन्त्र गाउनभन्दा पहिले अनि यजुर्वेदको मन्त्रको पनि भन्ने बेला ओम भन्ने गरिन्छ । यी वेद मन्त्रको उच्चारण गर्न भन्दा पहिले जुन स्वर भनिन्छ (उच्चारण) त्यो यही स्वर हो । यो स्वर कुन हो ? त्यो यही ओम स्वर हो । यो जुन अक्षर हो यो अमृत र अभय रूप हो । यसमा प्रविष्ट भएर यो गुणको समान देवगुण पनि अमृत र अभय भएर गएको थियो ।

गीतामा पनि श्री कृष्णचन्दले कृष्ण कृष्ण या राम राम जान भनेको छैनन् । सबै गीता हेर्नुहोस् । कहीँ कृष्ण कृष्ण या राम राम भन्ने कुरा लेखेको छैन । श्री कृष्णले पनि प्रणवको स्मरण गर्नको लागि भनेको छ । कृष्ण कृष्ण राम राम गर्ने हरूले यसप्रति कहिल्यै ध्यान दिएनन् । श्रीकृष्णले गीतामा स्पष्ट गर्दिएका छन् ।

ओमित्येकाक्षर ब्रह्म व्याहरन्मान्मनुस्मरन् ।
यः प्रयाति त्यजन्देहं सयति परमंगतिम् ।

गीता अ०८ श्लोक १३ ॥ यो श्लोकमा पनि श्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृष्णले ओम अक्षरलाई ब्रह्म भनेको छ, यसैको स्मरण गर्दै साधक परमगतिमा पुग्न सक्दछन् (परम गति प्राप्त हुन्छ) । यो श्लोकको अर्थ बिस्तारसँग गीताको भाष्य गरेर पछि पनि गरूँला । ऐले यहाँ सङ्क्षेपमा नै अर्थ गरिएको छ । यही प्रकार शिव संहिताको पटल ३ श्लोक ५७ मा शिवजीले भनेका छन् –

ततो रहस्युपाबिष्ट : साधकः संयतेन्द्रियः ॥
प्रणवंप्रजपेद्रदीर्घ विघ्नानांनाशहेतवे । ३/५७ ॥

अर्थ : जव एकान्तमा वसेर साधक इन्द्रियका तनाव (चन्चलता) रोकेर प्रणवको दीर्घ मात्रामा विघ्न (भय) नाश गर्नको लागि जप । योगको सबैभन्दा ठूलो विघ्नं, रोग, अज्ञान, निर्वलता र आलस्य सबै प्रणव जपले टाडिन्छन् (हच्दछन्) । दीर्घ मात्रामा जप्नुको के मतलव हो र दीर्घमात्रामा प्रणवको जप कसरी गरिन्छ यसको मन्त्रको दिक्षा दिएको बेला सिकाइन्छ । यो प्रणवोपासना को साधन आरम्भ गर्न ढिलो गर्न हुँदैन । 'शुभस्य शीघ्रम' वाक्य अनुसार शुभ कामको लागि ढिलो गर्नु ठीक होइन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुचिर्वाप्यशुचिबऽपि यो जपेत् प्रणवं सदा ।
न स लिप्यति पापेन, पद्मपत्र मिवाम्भसा ॥

पवित्र होस वा अपवित्र होस् जो सधैं प्रणवको जप गर्दछन् ति पापमा लिप्त हुन्नन्, कस्तो कमलको पातमा पानी रहेर पनि पानीवाट अलिप्त (ओभानो) हुँदछ ।

यजुर्वेदको चालिस वा अध्यायको १५ वाँ, मन्त्र छ –

ओ३म क्रती स्मर क्लिवे स्मर कृतंस्मर ॥

फेरी यही अध्यायको १७ वा मन्त्र हेर्नुहोस् –

ओम खं ब्रह्म ॥ यजु अ. ४० मन्त्र १७ ॥

भावार्थः–

हे क्रतो अथवा हे मन दीर्घमात्रा मा ओ३म को स्मरण गरेर अर्थात् सुमिरन गरेर यस्सि वा आफ्नो शुभकर्ममा भरोसा गर । ओ३म यो अक्षर या निराकार व्रह्म हो । यस प्रकारले सबै पुराण, वेद अनि अनेक शास्त्रमा ओ३म को महिमा भरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ओमिति ब्रम्ह

यो वेद वाक्य अनुसार ओम नै ब्रम्ह हो अनि "अयमात्मा ब्रम्ह" यो वेद वाक्य अनुसार ब्रह्म आत्मा हो अत: ओम नाम आत्मा को हो । यसको पहिल्यै (प्रणव को) प्रमाणको साथ सिद्ध गरिसकेकं छ । अत: ओ३म् को (लाई) आत्मा मानेर यो वेदमन्त्र गायत्री को निम्नलिखित प्रकारले पनि अर्थ हुन्छ ।

ओ३म । भूर्भुव: स्व: तत्सवितुर्वरेण्य भर्गो देवस्य धीमहि । धियो यो न: प्रचोदयात ॥

अन्वयपूर्वक पदच्छेद

भू । भुव: । स्व: । ॐ । सवितु: । देवस्य । तत् । वरेण्याम् । भर्ग : धीमहि य: । न: । धिय: । प्रचोदयात् ।

अर्थ:-

प्राण, अपान, व्यान बाला ओम रूप सविता देवको ॐ उत्तम या वरण गर्न योग्य तेज (को) लाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामी धारण गरुँ हामीहरूको वुद्धि, ईच्छाहरू या विचारलाई प्रेरित गर्दछ।

मतलव यो हो कि यो गायत्री मन्त्रमा केवल दुई कुरा भनेको छ।

१. यो होकि यो आत्मा, आत्मावल, आत्माशक्ति या आत्मा तेजलाई धारण गरू यही मन या वुद्धिलाई प्रेरित गरेर सवै प्रकारको सफलता, सुख, स्वस्थ, उन्नति र ज्ञानको दिने वाला हो।

२. अर्को कुरा यो ओ३म् को ठीक विधिले ध्यान लगाएर जप गर्नुपर्छ। यो बुद्धिलाई स्वच्छ बनाएर मानिसको सवै प्रकारको उन्नति योग्य वनाउने वाला हो।

ठीक विधिले जानेर के हो अनि कहाँ र को सँग भेटि यो सिक्ने यो लेखमा पहिल्यै पनि उल्लिखित गरिएको छ। गायत्रीको भाष्य जान्नको लागि निम्न पुस्तको पनि अध्ययन मनन चिन्तनको आवश्यक पर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(१) सचित्र योग साधन । (२) आत्मावल मनोवल । (३) वेदान्त सिद्धान्त । (४) सत्य सुन्दर ओर स्वतन्त्र बिचार । (५) शान्तिदायी बिचार । (६) योग दर्शन शास्त्र । (७) मुक्त और स्वतन्त्र होनेका उपाय । (८) सृष्टि विज्ञान शास्त्र (९) सूक्ष्म अथर्ववेद ।

अब यो लेख समाप्त गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाम्रा धार्मिक प्रकाशनका पुस्तकहरु

Image Designers # 4252387

प्रकाशक

के. पी. पुस्तक भण्डार

डिल्लीबजार, काठमाण्डौ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection